लेखापरीक्षण प्रतिवेदन

पुचौंडी नगरपालिका, बैतडी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पुर्चौंडी नगरपालिका, बैतडी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/225

श्रीमान् नगर प्रमुखज्यू,
पुचौंडी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, बैतडी।

बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/225

श्रीमान् नगर प्रमुखज्यू ,

पुर्चौडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बैतडी।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाकाको आय र व्यय तर्फ रू.१ अर्ब ६३ करोड ७ लाख ९८ हजारको लेखापरीक्षणबाट रू. ६ करोड ५२ लाख ७२ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू. २० लाख ३१ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू. ४८ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड २ लाख ५७ हजार र नियमित गर्नुपर्ने रू.१ करोड ८४ लाख ५२ हजार जम्मा रू. २ करोड ६० लाख २० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू. १९ करोड ३७ लाख ५९ हजारमा बाँकी बेरुजुमा यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. २५ करोड ७० लाख रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरगपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय

छ। नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
१०८	२८५	६,५२,७१,९६२	०	२१	२०,३१,८२०	०	१०८	२६४	६,३२,४०,१४२	४८,२०,०४६	१,८४,५२,३८८	३,०२,५६,५३७	०	०	४,८७,०८,९२५	९७,११,१७१

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बैतडी	१९,३७,५९,३८८	०	०	१९,३७,५९,३८८	०	६,३२,४०,१४२	२५,६९,९९,५३०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	१३८.२	स्यानेटरी प्याड खरिद	११,८६,५००
२	२०८१/८२	११५	रितपूर्वकको कर बिजक	५७,०१२
३	२०८१/८२	१४४	बैठक भत्ता	१७,०००
४	२०८१/८२	४७	बढी भुक्तानी	७,०००
५	२०८१/८२	66	बढी भुक्तानी	७,५००
६	२०८१/८२	101	पारिश्रमिक कर	११,४६०
७	२०८१/८२	१३२.२	पाठ्यपुस्तक अनुदान	३,२८,३४८
८	२०८१/८२	१२०	कम कर कट्टी भएको	५,०००
९	२०८१/८२	१०२ र १०७	कम कर कट्टी	१,२०,४००

१०	२०८१/८२	५०.१	उच्च पहाडी हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम	२,७०,०००
११	२०८१/८२	१४६	आन्तरिक लेखापरीक्षणवाट देखिएक व्यहोराहरु	२१,६००
जम्मा				२०,३१,८२०

नो

पुर्चौंडी नगरपालिका, बैतडी

(८०७७४४०३३००)

पुर्चौंडी नगरपालिका , बैतडी

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल १३५.१५वर्ग किलोमिटर तथा ३८६६६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०५।१८ देखि २०८२ ।०५।२१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आय – व्ययतर्फ रू.१ अर्ब ६३ करोड ७ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन् ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची -२ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.११,०२,४५४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

कार्यक्रम/ब.उ.शी.नं.	वापत	रकम	मिति	दाखिला भएको बैङ्क
सशर्त अनुदान	निशुल्क पाठ्यपुस्तक	८८६४४२	२०८२।०५।२२	राष्ट्रिय वाणिज्य बैङ्क
आन्तरिक राजस्व	घटी दाखिला	२७६६२	२०८२।०५।२०	ग्लोबल IME बैङ्क
आन्तरिक राजस्व	घटी दाखिला	१०५५००	२०८२।०४।२६	ग्लोबल IME बैङ्क
आन्तरिक राजस्व	घटी दाखिला	४५७५०	२०८२।०५।०९	ग्लोबल IME बैङ्क
आन्तरिक राजस्व् नगरपालिका चालु	घटी दाखिला कर रकम	१२१०० २५०००	२०८२।०५।२१	ग्लोबल IME बैङ्क

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण**

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ।पालिकाले महालेखापरीक्षकबाट मिति २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

वित्तीय प्रतिवेदन

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति				
११०००	कर	१२०८४४६२०.९५	१२०८४४६२०.९५	११०७३६२९९.९३	११०७३६२९९.९३
१३०००	अनुदान	४४९२१५०४०.३६	४४९२१५०४०.३६	४९०७७६४०३.५	४९०७७६४०३.५
१४०००	अन्य राजस्व	३०६६७४०.०१	३०६६७४०.०१	२१९९६३३.०७	२१९९६३३.०७
१५०००	विविध प्राप्ति	१०३०६४.	१०३०६४.	१०२४६०.	१०२४६०.
क	कुल जम्मा प्राप्ति	५७३२२९४६५.३२	५७३२२९४६५.३२	६०३८१४७९६.५	६०३८१४७९६.५
३	चालु	४६८५३७७०३.८५	४६८५३७७०३.८५	४६०१६९१३५.११	४६०१६९१३५.११
२१०००	पारिश्रमिक / सुविधा	३१४९१६३४०.७६	३१४९१६३४०.७६	२१९७७१५११.	२१९७७१५११.
२२०००	मालसामान तथा सेवाको उपयोग	१३८७३०५२८.३३	१३८७३०५२८.३३	२०१९१४७६५.११	२०१९१४७६५.११
२५०००	सहायता (Subsidy)	०	०	२१०२८२५१.	२१०२८२५१.
२६०००	अनुदान	११२५४२९.७६	११२५४२९.७६	०	०
२७०००	सामाजिक सुरक्षा	१०५३३८०५.	१०५३३८०५.	१३४९१४१४.	१३४९१४१४.
२८०००	अन्य खर्च	३२३१६००.	३२३१६००.	३९६३१९४.	३९६३१९४.
४	पूंजीगत	१००२७६७२६.२८	१००२७६७२६.२८	१५७७२०६५५.	१५७७२०६५५.
३१११०	भवन तथा संरचना	११६२५२८९.२५	११६२५२८९.२५	४९२२६८३८.	४९२२६८३८.
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	१३८८४२७३.	१३८८४२७३.	४२१९१५६.	४२१९१५६.
३११३०	अन्य पूँजीगत खर्च	१३२१९२०.८१	१३२१९२०.८१	३५६०७२.	३५६०७२.
३११५०	सार्वजनिक निर्माण	७२८७४०११.९२	७२८७४०११.९२	९९७६०३२८.	९९७६०३२८.
३११६०	निर्मितसरचनाको सुधार खर्च	३३२३६३.१७	३३२३६३.१७	९८८३२६.	९८८३२६.
३११७०	पूँजीगत सुधार खर्च	२३८८६८.१३	२३८८६८.१३	३१६९९३५.	३१६९९३५.
ख)	कुल जम्मा भुक्तानी	५६८८१४४३०.१३	५६८८१४४३०.१३	६१७८८९७९०.११	६१७८८९७९०.११
ग)	बचत /कमी (ग = क-ख)	४४१५०३५.१९	४४१५०३५.१९	-१४०७४९९३.६१	-१४०७४९९३.६१
घ)	धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	३५५९५५८.७५	३५५९५५८.७५	३४३५७३६.७९	३४३५७३६.७९
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी				
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	७९७४५९३.९४	७९७४५९३.९४	-१०६३९२५६.८२	-१०६३९२५६.८२

च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	२१९२६१७५.८१	२१९२६१७५.८१	३२५६५४३२.६३	३२५६५४३२.६३
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	२९९००७६९.७५	२९९००७६९.७५	२१९२६१७५.८१	२१९२६१७५.८१

२.२ .वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ।पालिकाले स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१७५२३७९.००,एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम रु.४२३२९४५.८२, सामाजिक सुरक्षा तथा संरक्षणको रु. १९०१६९७८०.८७, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको कार्यक्रमको लागि रु. ६६३४६६८.० औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) रु.४११२३९०.०० र उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम रु.२७०००००.०० समेत गरी रु. २०९६०२१६३.७० सुत्रमा लेखाङ्कन गरेको छैन।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.३ .फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१.०० यस वर्षको प्राप्ति रु.२४६२५४४२९.८७ यस वर्षको भुक्तानी रु. २४६०५९४८८.९र बैङ्क मौज्दात रु. १९४९३९.९७ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२१९२६१७५.८१	५७३२२९४६५.३२	५६५२५४८७१.३८	२९९००७६९.७५
एकीकृत आर्थिक विवरणअनुसार	२१९२६१७४.८१	८१९४८३८९५.१९	८११३१४३६०.२८	३००९५७०९.७२
फरक	१.	२४६२५४४२९.८७	२४६०५९४८८.९	१९४९३९.९७

२.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२९१२६१७४.८१मौज्दात रहेकोमा यो वर्ष रु. २९१२६१७४.८१ जिम्मेवारी सारेको छ।

२.५ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	८९४४६६५.७१	९१३९६०५.६८	१९४९३९.९७
स्थानीय तह विविध खर्च खाता	१००७५८१.४	१००७५८१.४	०.
स्थानीय तह दैवी प्रकोप व्यवस्थापन खाता	१९३३४.	१९३३४.	०.
स्थानीय तह विभाज्य कोष खाता	९४७१६.	९४७१६.	०.
स्थानीय तह विविध कोष खाता	११७९८१९.	११७९८१९.	०.
स्थानीय तह धरौटी खाता	१८६५४४६५३.६४	१८६५४४६५३.६४	०.
जम्मा	२९९००७६९.७५	३००९५७०९.७२	१९४९३९.९७

३ **रकमान्तर**

विनियोजन ऐन २०८१ को दफा ३ को उपदफा २ मा विनयोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षक वाट अपुग हुने शिर्षकमा रकम सार्दा एक शिर्षकवाट सो शिर्षकको रकमको १० प्रतिशतमा नबढ्ने गरि रकम सार्न तथा निकासा गर्न सकिनेछ।सो रकम भन्दा बढि रकम सार्न परेमा नगर सभाको स्विकृति लिनुपर्नेछ।नगरकार्यपालिका वाट रकमान्तर भएका तपशिलका बजेट शिर्षकवाट अर्को बजेट शिर्षकमा सार्दा १० प्रतिशत भन्दा बढि भएको र सो रकमान्तर नगरसभा बाट स्विकृत भएको छैन।विनियोजन ऐन अनुसार नगरसभाबाट स्वीकृत हुनु पर्छ।

क्र.स.	कार्यक्रम	रकम	क्र.स.	कार्यक्रम	रकम
१	**इन्धन (पदाधिकारी)**	३००००.००	१	**मसलन्द तथा कार्यालय सामग्री**	**१५०००**
			२	**संचार महशुल**	**५०००**
			३	**मेशिनरी तथा औजार मर्मत तथा सम्भार तथा सञ्चालन खर्च**	**१००००**
२	**बिमा तथा नबिकरण**	**१००००**	२	**पानी तथा बिजुली**	**१००००**
३	**सवारी साधन मर्मत खर्च**	**४००००**	१	**भर्मण खर्च**	**२००००**
			२	**विविध खर्च**	**२००००**

४ **नीति कार्यक्रम र बजेटमा तादात्म्यता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक नीति कार्यक्रम नगरसभाबाट पारित गरी सोही बमोजिम वार्षिक बजेट तयार गरी नगरसभाबाट पारित गरी बजेट कार्यान्वियन गर्नुपर्दछ।यसबर्ष पारित नीति कार्यक्रममा समाबेश पूर्वाधार विकास अन्तर्गत ११ वटा,सामाजिक विकास अन्तर्गत ६४ वटा कार्यक्रम , वन वातावरण तथा विपद् व्यवस्थापनका १५ कार्यक्रम, सुशासन तथा संस्थागत क्षमता विकास अन्तर्गत ३८ वटा लगायतका नीति कार्यक्रम बजेट कार्यक्रममा समाबेस भएका छैनन्।यसले गर्दा नीति कार्यक्रममा उल्लेख भएका विषयहरु कार्यान्वियन भएका छैनन्। यसर्थ नीति कार्यक्रममा उल्लेख भएका विषयहरु बजेटमा समाबेश गरी कार्यान्वियन गरिनु पर्दछ।

५ **खर्च बिश्लेषण**

पालिकाले यसबर्ष गत वर्षको मौज्दातबाट रु.२१९२६१७४.८०कुल आन्तरिक आयबाट रु.४७४५८७९.४० राजस्व बाँडफाँड रु.११९२६८५४६.३६ र अनुदानबाट रु.४७४६०००५३.२० समेत रु.६२०५४०६५३.७६ आम्दानी भएकोमा चालु तर्फ रु.४६,८५,३७,७०३.८५ र पुँजीगत तर्फ रु. १०,०२,७६,७२६.२८ र समेत रु. ५६,८८,१४,४३०.१३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.८७२८०००.०० खर्च भएको छ जुन आन्तरिक आयको १८३.९१ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.५० प्रतिशत चालु र

१६.१५ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ ।यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । खर्च रु.हजारमा

कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
	प्रथम	दोस्रो	तेश्रो	चौथो	
१००२७७	२६२०	१७४०६	१४४६५	६५७८६	४३५८७
प्रतिशत	२.६१	१७.३६	१४.४२	६५.६१	४३.४७

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१० करोड ०२ लाख ७७ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२६ लाख २० हजार (२.६२ प्रतिशत) दोस्रो त्रैमासिकमा रु. १करोड ७४ लाख ६ हजार (१७.३६ प्रतिशत) ,तेस्रो त्रैमासिकमा रु. १करोड ४४ लाख ६५ हजार (१४.४२ प्रतिशत) र चौथो त्रैमासिकमा ६ करोड ५७ लाख ८६ हजार (६५.६१प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४ करोड ३५ लाख ८७ हजार (४३.५७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

७ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण उत्पादनमूलक रोजगारी लागत सहभागिता स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार वडाको लागि ७२ वडागत र पालिकास्तरका ८० योजना कुल १५२ योजनामा वजेट विनियोजन गरेको छ।

क्र.सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	८०	०	०	८०
२.	वडास्तरीय	७२	११	१६	४५

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका १५२ योजना मध्ये १४८ योजनामात्र कार्यान्वियन भई ४ योजना कार्यान्वियन हुन सकेको देखिएन।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

८ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले यो वर्ष चालु शीर्षकमा रु.१५००००.०० तथा पुंजीगत शीर्षकमा रु.२०६००००.०० अबण्डा बजेट व्यवस्था गरी ७५ वटा कार्यक्रममा खर्च गरेको छ।

९ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.४४११०८१५.०० भुक्तानी दिएको छ।

१० **बजेट पेश पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस नगरपालिकाका उप प्रमुखले मिति २०८१।३।१० गते रु.६४ करोड ५ लाख ९३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।३।१०।मा पारित भएको छ।यसैगरी नगर प्रमुखले २०८१।४।६मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

११ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १०,०२,७६,७२६.२८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	विवरण	बजेट	खर्च	खर्च प्रतिशतमा
१	आर्थिक विकास	१४३५५६५०.००	११६१०६८०.८०	२.०४
२	सामाजिक विकास	२८६६१६५००.००	२६४८०१०५३.४७	४६.५५
३	पूर्वाधार विकास	१२६२८८५२२.००	८७६३१९३२.९३	१५.४१
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	५९७००००.००	५३५२९९१.००	०.९४
५	कार्यालय सञ्चालन तथा	२१९७६१८३६.५२	१९९४१७७७१.९३	३५.०६
६	जम्मा	६५२९९२५०८.५२	५६८८१४४३०.१३	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.५५ प्रतिशत र सुशासन र अन्तर सम्वन्धित क्षेत्रमा सबै भन्दा घटीमा ०.९४ प्रतिशत रहेको छ ।

१३ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	२८७	६९	५	५	१२

१४ आर्थिक सहायता

आर्थिक सहायता - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १३६ व्यक्तिहरुलाई रु.८८२०००.०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.४७४५८७९.४९ को १८.७९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

बजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरे नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

खरिद व्यवस्थापन तर्फ

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी परीक्षण नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कतिपय कामको अनुगमन नगरेको,

• अनुगमन गरेको योजनाको अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग पूर्णरुपमा सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको,

विविध तर्फ

•सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा नगरेको

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको, सबै गोश्वारा भौचर कार्यालय प्रमुख र लेखा प्रमुखबाट प्रमाणित नभएको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरे नगरेको

• करार कर्मचारी सेवाबाट हटाइएको, राजिनामा दिएको विवरण पेश नभएकोले करारको कर्मचारीको तलब भत्ता भुक्तानी सम्बन्धमा आश्वस्त हुन नसकिएको,

• एउटै कार्यक्रममा भ्याटेबल आइटमको भ्याट बिल पेश हुनुपर्ने टुक्रा टुक्रा प्यान बिल पेश भएको,

• सोझे खरिद भएको कार्यको पालिका र वडाको कुनै पनि खरिद कार्यमा लागत अनुमान तयार नगरी खरिद गरेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।
• डोर हाजिरी कर्मचारीको विवरण र पारीश्रमिक सम्बन्धमा विवरण पेश नभएकोले निजहरुलाई भुक्तानी भएको पारीश्रमिक सम्बन्धमा यकीन हुन सकिएन

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वियन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय योजनाको अनुगमन उपप्रमुखबाट भएको र प्रतिवेदन पेश गरेको पाईएन ।

• संचार सुविधा सम्बन्धि मापदण्ड तयारी नगरी निजी सिममा समेत रिचार्ज गर्ने गरेको

• सवारी साधनको नविरकण शुल्क तथा कर र विद्युत महसुल समयमै नबुझाइ जरिवाना भुक्तानी गर्ने गरेको

• नयाँ भर्ना भएका कर्मचारीहरुको नियुक्ति प्रक्रिया सम्बन्धि विवरण पेश नभएकोले सो नियुक्ति प्रक्रियासम्बन्धि यकीन हुन सकिएन

• कार्यालयले मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्दा बजार दररेट विश्लेषण नगरी खरिद गरेको,

• दिवसमा विविध खर्च लेख्दा उपस्थितिको आधारमा खर्च लेख्नुपर्नेमा उपस्थिति पेश नगरी उपस्थिति भन्दा बढी खर्च लेखेको

• सरुवा भएर गएको कर्मचारीहरुले बरबुझारथ गरे नगरेको प्रमाण पेश नभएको

• पेश्की रकम दिदा यकीन विवरण नखुलाई दिएको, पेश्की रकम लिइ धेरै ढिलो अवधिसम्म आफुसँगै राखि पेश्की फस्र्यौट गर्ने गरेको

• सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ।नमुना परीक्षणको रुपमा पालिकाले यस वर्ष खाजा, सामाग्री खरिद गर्न, इन्धन, मर्मत खर्चको अधिकाँश भुक्तानी दिदा सम्बन्धित फर्म तथा सप्लायर्सको वैंक खातामा भुक्तानी नदिई विभिन्न कर्मचारीलाई नगद भुक्तानी दिएकोले खर्चमा पारदर्शिता नदेखिएको

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २५ र नियमावली,२०७७ को नियम ३९ कार्यालयले विभिन्न आर्थिक कारोबारको रकम भुक्तानी गर्दा भुक्तानीको लागि बिल भरपाई र आवश्यक कागजात संलग्न गरी सम्बन्धित शाखाहरुबाट भुक्तानी कारोबारको सिफारिस पत्र (म ले प फा नं २०२) आर्थिक प्रशासन शाखामा प्राप्त भए पछि भुक्तानी गर्नुपर्नेमा सो नगरेको

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१६ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

आन्तरिक लेखापरीक्षण शाखा : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन।

आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ।तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ।

१७ कानून कार्यान्वयन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन २ वटा नियमावली ४१ कार्यविधि तथा निर्देशिका र मापदण्ड ७ लगायत ६० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।साथै पालिकाले ६० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि ४७ कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

१८ न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार १ विवाद दर्ता भएकोमा फछ्र्यौट भएको छ।

१९ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन।यस्तै ऐनको दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले संगठन सर्वेक्षण नगरी विभिन्न पदमा ११९ जना करारमा नियुक्त गरी करार कर्मचारीको तलब भत्तामा रु.२,७६,१४,५३६.०० खर्च गरेको छ।पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.६११६२३२.०० भुक्तानी गरेको पाइयो।पालिकाले ऐनमा भएको व्यवस्थाअनुसार रिक्त पदमा प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि माग गरी कर्मचारी व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

क्र सं	करार पद	नियुक्ति संख्या	तलब भत्ता
1	कार्यालय सहायक चौथो	१२	४८५७८८८
2	सब इन्जिनियर	२	८५३५२०
3	अ स ई	१	४०४८२४
	जम्मा		६११६२३२

२० **दरबन्दी बाहिरको कर्मचारी**

पालिकाको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको दरबन्दी भन्दा बाहिर २७ जना कर्मचारी नियुक्ति गरी रु.९१६५३४९.०० तलब भत्ता भुक्तानी गरेको छ । दरबन्दी भन्दा बढी कर्मचारी राखि भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

क्र सं	पद	संख्या	रकम
1	सहायक कम्प्युटर अपरेटर	१	४०४८२४
2	अ हे व	७	२४२२०००
3	अनमि	१७	५४३९३०९
4	आँखा उपचार केन्द्रको सहायक पाचौं	१	४६१४९०
5	आँखा उपचार केन्द्रको सहायक चौथो	१	४३७७२६
	जम्मा		९१६५३४९

अनियमित भएको	९१,६५,३४९

२१ अवकास कोष

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्ति भरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ।उक्त अवकास कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने स्थानीय तहले कोषको लागि आवश्यक पर्ने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिका अन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन। ऐन प्रारम्भ भएको २०७४ आश्विन २९ अर्थात कार्तिक देखि १० प्रतिशतको योगदान व्यवस्था अपनाउनुपर्नेमा अपनाएको देखिएन।कानूनको व्यवस्था तत्काल पालना गरिनुपर्दछ।

२२ जिन्सी अभिलेख

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा खरिद भएको सामान माग फारम तथा हस्तान्तरण फारमको आधारमा निकासा घटाई जिन्सी खाता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री, मेशिनरी औजार र फर्निचर फिक्चर्स खरिद भएकोमा खरिद गरिएका सबै मालसामानहरु प्रयोगको स्थिति खुल्ने गरी माग फारम तथा हस्तान्तरण फारम पेश नभएकोले को कस्ले कुन सामान प्रयोग गरेको हो यकिन गर्ने स्थित नरहेको, सामानको आवश्यकता पहिचान नगरी सामान खरिद गरेको कार्यालय सामान प्रयोग र मौज्दातको सम्बन्धमा यकीन हुन सकिएन । पालिकाले माग फारम र हस्तान्तरण फारम व्यवस्थित तरिकाले राखि खरिद गरिएका सामानको खर्च र मौज्दातको व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

२३ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिकाको अधिकार क्षेत्रमा सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेको सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको अभिलेख राखेको देखिएन।पालिकाको सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको देखिएन। पालिकाले आफ्नो क्षेत्रभित्रको जग्गा तथा सार्वजनिक सम्पत्तिको संरक्षणको लागि मापदण्ड बनाई संरक्षण गर्नेतर्फ पहल गर्नुपर्दछ ।

२४ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ र सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन।साथै पाम्समा सहायक जिन्सी खाता राखेको देखिएन । जसले गर्दा पालिकाको

जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन।नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२५ **धरौटी हिसाब**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमयावली,२०७७ को नियम ६४ बमोजिम धरौटी लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक विवरणअनुसार गत वर्षको मौज्दात रु. १,४८,९७,९९४.३१ तथा बैंक नगदी किताबअनुसार रु.१,४५,७५,१६५.३१।, आर्थिक विवरण अनुसार आम्दानी रु. १,९८,१६,१३३.६४। तथा बैंक नगदी किताब अनुसार रु. १,९१,९८,३५१.६४ र आर्थिक विवरणअनुसार खर्च रु.५,४३,६९८। तर बैक नगदी किताबअनुसार खर्च रु.११,६१,४८०। गरी जम्मा फरक रु.१५५८३९३। परेको सम्बन्धमा तहाँ कार्यालयबाट यकीन गरी प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१५,५८,३९३

२६ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ|पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीको रु.२,४१,८४,३५८.००तलब खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

२७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको दरबन्दीअनुसार ४९ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २८ जना पदपूर्ती भएको देखिन्छ।प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, प्रशासकीय अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्छ । प्रशासकिय संगठन र जनशक्ति व्यवस्थापनतर्फ आवश्यकताको आधारमा कानून वमोजिम दरवन्दी तथा पदपुर्ति व्यवस्थापन गर्नुपर्दछ ।

२८ **जिन्सी व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका मालसामानको भुक्तानी गर्दा स्फेसिफिकेसन बमोजिम भए नभएको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।

२९ पालिकाको कार्यालयले सम्वन्धित शाखालाई हस्तान्तरण गरिएको सामग्रीहरु सम्बन्धमा सम्बन्धित शाखाबाट खपत र बाँकी परिमाण सहितको विवरण तयार नगरेको जस्ता व्यहोरा देखिन आएको छ।जसबाट शाखागत रुपमा खपत हुने प्रयोजनका लागि खरिद गरिएको सामग्रीको लागि खरिद गरिएका सामग्रीहरु, स्वास्थ्य शाखाका लागि प्रयोग गरेका सामग्रीहरू लगायतका विवरणहरु सम्बन्धित शाखामा हस्तान्तरण गरे वाँकी तथा खपतको विवरण तयार हुने गरेको देखिएन यसबाट सामग्री बाँकी तथा खपत सम्बन्धमा यकिन हुने आधार देखिएन ।पालिकाले सामग्री खपत र मौज्दात खुल्ने गरी अभिलेख व्यवस्थित राख्नुपर्दछ ।

३० **धरौटी फिर्ता**

३-२०८१।८।२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले

सम्बन्धित फर्मसँग मूल्य अभिवृद्धि कर समायोजन नलिई धरौटी फिर्ता गरेको छ।कृष्ण निर्माण सेवा (६०२८३८३७१) लाई धरौटी रकम रु.५९०१३। मु अ कर समायोजन बेगर धरौटी फिर्ता गरेको छ । मु अ कर समायोजन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५९,०१३

३१ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रु.९७११९७१.०० फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु...

पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	कर्मचारी भए पद	म्याद नाघेको
आर्थिक सहायता	दिपक बहादुर बम	प्रमुख	८५०००.
डिलासैनी भगवती मन्दिर पु न पा ८	अनिल बहादुर बोहरा	सहायक पाँचौ	२०००००.
महादेव खानेपानी योजना क्रमागत अधुरो	अनिल बहादुर बोहरा	सहायक पाँचौ	५६०००.
गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने	अनिल बहादुर बोहरा	सहायक पाँचौ	६४४०००.
शिक्षा कार्यक्रमहरु सबै	अनिल बहादुर बोहरा	सहायक पाँचौ	३००००.
गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने	अनिल बहादुर बोहरा	सहायक पाँचौ	६०००००.
६ नं वडा कार्यालय भवन निर्माण (५०%)	जय दुर्गे कन्स्ट्रक्शन		५०००००.
६ नं वडा कार्यालय भवन निर्माण (५०%)	जय दुर्गे कन्स्ट्रक्शन		५०००००.
केन्द्रबाट छनौट भएका नमुना विद्यालय विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत	श्री डिलेश्वरी माध्यमिक विध्यालय पुर्चौडी हाटँ वैतडी		७०९६१७१.
जम्मा			९७११९७१.

पेश्की	९७,११,९७१

३२ पर्यटन शुल्कः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्रालय जस्ता सम्पदा उपयोगको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने पर्यटन कर एकिन गरी असुल गर्नुपर्दछ ।

३३ सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन ।हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

३४ **रसिद नियन्त्रण खाता**

रसिद नियन्त्रण खाताः कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । जिन्सीबाट पालिका राजश्व शाखा र वडालाई नगदी रसिद कति दिएको तथा कति रसिद पालिकामा बुझाएको सोको अभिलेख पालिकामा भएको देखिएन । बाँकी के कति छन यकीन गर्न सकिएन । यसले पालिका र वडाको आम्दानी यथार्थ मान्न सकिने आधार देखिएन । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन हुनुपर्दछ ।अतः कार्यालयले आगामी दिनमा रसिद प्रयोग निरुत्साहित गर्दै सफ्टवेयरबाट राजश्व असुली गर्नेतर्फ ध्यानदिदैं राजश्व असूली सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

३५ समयमा दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोदिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने र उपदफा ४ बमोजिम ३ दिन भन्दा बढी ढिलो गरेमा १० प्रतिशत जरिवाना गरी असुल गर्ने व्यवस्था छ। पालिका अन्तर्गतका वडा कार्यालयहरुले उठाउने राजश्व समयमा दाखिला नगरी ६ महिना वा वर्ष को अन्त्यमा मात्र दाखिला गर्ने गरेको पाइयो। प्रचलित ऐनले तोकेको अनुसार समयमानै राजश्व दाखिला हुनुपर्दछ।

३६ **घटी दाखिला**

घटी दाखिलाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने र उपदफा ४ बमोजिम ३ दिन भन्दा बढी ढिलो गरेमा १० प्रतिशत जरिवाना गरी असुल गर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा केही वडाको असुली तथा दाखिला परीक्षण गर्दा केही वडाले नगदी रसिद र सुत्र दुबैवाट आम्दानी संकलित भएकोले राजश्व भन्दा घटी दाखिला गरेको देखिन्छ। राजस्व परामर्श समितिवाट यकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा नपुग रकम रु ३९६१८ र १० प्रतिशत जरिवाना गरी असुल गर्नुपर्ने रु

क्रस	कर्मचारीको नाम / पद	राजस्व संकलन स्थान	राजश्व दाखिला बाँकी	जरिवाना	असुल गर्नुपर्ने रकम
१	राम बहादुर बोहरा /वडा सचिव	वडा नं ३	२००१६	२००१	२२०१७
२	धर्मराज अवस्थी / वडा सचिव	वडा नं १	४०००	४००	४४००
३	प्रमान्द पन्त/ वडा सचिव	वडा नं ५	९७३७	९७३	१०७१०
४	कर्ण बहादुर विष्ट/ वडा सचिव	वडा नं ९	५८६५	५८६	६४५१
	जम्मा		३९६१८		४३५७८

प्रमाण पेश नगरेको	४३,५७८

३७ **सवारी साधान भाडा**

सवारी साधान भाडाः पुर्चौडी नगरपालिकाका आर्थिक ऐन , २०८१ /०८२ मा सरकारी सम्पत्ती प्रयोग वाट हुने आयमा भाडा सम्वन्धी दर तोकेको व्यवस्था रहेको छ।पालिकासँग एक्साभेटर १ वटा, जेसिवि१ वटा, टि्रपर १ वटा, ब्याक हो लोडर १ वटा, र ट्रक्याटर १ वटा रहको देखिन्छ। यस वर्ष उल्लेखित सवारी साधनवाट रु २३९९१० मात्र भाडा वापत आम्दानी भएको देखिन्छ। पालिकाले यी सावरी साधनको लगबुक नराखेकोले सवारी साधनवाट कति राजस्व संकलन हुनुपर्ने सम्वन्धमा यकिन गर्न सकिएन । अतः कार्यालयले आगामी दिनमा सवारी साधनको प्रमाणित लगबुक राखि प्राप्त हुने आम्दानीलाई सफ्टवेयरबाट रसिद प्रयोग गरी आम्दानी यथार्थ बनाउनु पर्दछ ।राजश्व असूली सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

३८ नदिजन्य पदार्थ

नदिजन्य पदार्थः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परिक्षणवाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य बस्तुको विक्रि गर्न सक्ने व्यवस्था छ ।पालिकाको ढुङ्गा, गिट्टी, वालुवाको खानी रहकोमा IEE प्रतिवेदन नभकएकोले ढुङ्गा, गिट्टी, वालुवा बिक्रि नगरेको भनाई रहेको छ।सो पालिकाले समयमा नै IEE गराई ठेक्का व्यवस्थापन गरी आन्तरिक आय वृद्धि गर्ने ध्यान दिनुपर्ने देखिन्छ। सो कार्य गर्दा ढुङ्गा, गिट्टी, वालुवाको चोरी निकासी नियन्त्रण हुने सम्भावना देखिन्छ।

३९ आन्तरिक राजस्व तर्फ

३९.१ आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४७४६०००५३.२०	४७४५८७९.४	०.८३

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८३. प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३९.२ आय अनुमानः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर सेवा शुल्क दस्तुर वापत अनुमानित रु. १४८५३३३८०.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. १२३९१७४२४.९६ अर्थात अनुमान भन्दा ८३.४३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३९.३ कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	नाम	अनुमान	प्राप्ति	प्रतिशत
१	सम्पती कर	८०००००	४५६५.	०.५६
२	भुमिकर/मालपोत	३००००००.	१०८५६१०.	३६.१९
३	वहाल कर	७०००००.	१२५८८७.	१७.९८
४	वहाल विटौरी कर	५०००००.	२१७०.	०.४३
५	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	९५६५६३१५.	८१३१४७८७.४१	८५.०१
६	बाँडफाँड भ्ाइ प्राप्त हुने अन्त:शुल्क	३४७४३६८५.	३५१०४४७५.८३	१०१.०४
७	बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	२७२२०००.	२८०१४८५.७१	१०२.९२
८	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	९५०५.	०	०
९	व्यवसायले भुक्तानी गर्ने	५०००००.	०	०
१०	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	२०००००.	१५०५००.	७५.२५
११	अन्य कर	७०००००.	२५२१४०.	३६.०२
१८	बाँडफाँड भई प्राप्त वन रोयल्टी	०	४११८६.३९	
१९	बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी	०	५७२६.११	
२०	बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	६७४९६.	०	०
२१	बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी	०	८८५.११	
२२	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	१०००००.	०	०
२३	अन्य सेवा शुल्क तथा बिक्री	०	३८०००.	
२४	न्यायिक दस्तूर	०	२००.	
२५	अन्य प्रशासनिक सेवा शुल्क	१००००००.	८८१००.	८.८१
२६	सिफारिश दस्तुर	१००००००.	७०५९०३.	७०.५९
२७	व्यक्तिगत घटना दर्ता दस्तुर	२५०००००.	४४६०५४.	१७.८४
२८	नाता प्रमाणित दस्तुर	३०००००.	५१७००.	१७.२३
२९	अन्य दस्तुर	८३४३७९.	२३६९१०.	२८.३९
३०	व्यावसाय रजिष्ट्रेशन दस्तुर	५०००००.	१६४८००.	३२.९६
३१	अन्य राजस्व	०	१०६८७७५.४	
३२	व्यवसाय कर	२५०००००.	१२७५००.	५.०९
३३	बेरूजू	२०००००.	१०००६४.	५०.०३
जम्मा		१४८५३३३८०.००	१२३९१७४२४.९६	८३.४३

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३९.४ राजश्व अभिलेख : आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २६ बमोजिम कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी कारोवारको लेखा राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ।पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन।कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

४० व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगारउन सक्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१२७५००.०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४१ **लघुजलविद्युतको मर्मत सम्भार खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौ.न.१२१-२०८२।०१।१५ बाट सतगाढ लघु जलविद्युत नहर मर्मत उ.स.लाई विद्युत गृह मर्मतबापत रु.११३८८३.० र भौ.न.१००-२०८१।१२।२३ बाट नेपाल विद्युत प्राधिकरण बैतडी वितरण शाखालाई श्री जयदुर्गे चमेलिया सामुदायिक ग्रामीण विद्युत सहकारी संस्था लि पुनपा २ को HT मिटर खरिद बापतको रु.२९९९९९.० समेत रु.४१३८८२.० पालिकाबाट भुक्तानी गरेको देखियो। पालिकाको स्वामित्वमा नरहेको लघुजलविद्युतको मर्मत खर्च भुक्तानी भएको तथा उक्त लघु जलविद्युत आयोजनाबाट प्राप्त हुने आम्दानी पालिकाको संचित कोषमा दाखिला समेत नभएको अवस्थामा मर्मत तथा मिटर खरिद वापत भुक्तानी भएको देखिएकोले उक्त आयोजनामा खर्च भएको रकमको शेयर स्वामित्व पालिकाको नाममा रहनु पर्ने अन्यथा असुल हुनुपर्ने रु....

प्रमाण पेश नगरेको	४,१३,८८२

४२ **अमानतबाट कार्य:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९८(१) मा अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था छ। नमुना छनौट गरी स्रेस्ता परिक्षण गर्दा पालिकाले देहायका कार्य अमानतबाट गरेकोमा एक तह माथिको अधिकारीको पूर्वस्वीकृति लिएको देखिएन। निम्नानुसार रु.३७५४७८.० कार्य अमानतबाट गराएकोमा देहायका कैफियत समेत भएको नियमसम्मत नदेखिएको रु......

भौ.न. र मिति	भुक्तानी पाउने	कार्य	भुक्तानी रकम	कैफियत
२६२-२०८२।०३।२५	वडा नं २ कार्यालय सहायक बसन्त भट्ट	पिसिसि बाटो निर्माण	२२५०००.०	लागत अनुमान स्वीकृत नभएको निर्माण सामाग्रीको विल र भरपाई पेश भएको, नापि किताब, कार्यसम्पन र प्राविधिक विल पेश नभएकोले
२५९-२०८२।०३।२५	वडा नं ४ का अध्यक्ष दिलबहादुर धानुक	ग्याविन कार्य	५६८००.०	लागत अनुमान, प्राविधिक नापजाँच विल पेश नभएको
२४४-२०८२।०३।२४	वडा नं २ कार्यालय सहायक बसन्त भट्ट	सिढी निर्माण कार्य	९३६७८.०	लागत अनुमान, प्राविधिक नापजाँच विल पेश नभएको
		जम्मा	३७५४७८.०	

अनियमित भएको	३,७५,४७८

४३ **हेभी इक्विपमेण्टको प्रयोग:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

भौ.न. र मिति	उ.स.को नाम	निर्माण कार्य	भुक्तानी रकम	हेभि ईक्यूपमेन्ट साधन	हेभि ईक्यूपमेन्ट मा भएको खर्च
१६-२०८२।०३।२१	धामिगाउँ बाईम मनेकुडा नु.त.सि सडक स्तरोउन्नति उ.स.	सडक कटिङ्ग	३७३२५५८.०	स्काभेटर	२५७३५७२.०
१२५-२०८२।०१।१७	सनगाउँ कोटिला मेलमुला सडक नि.उ.स.	सडक कटिङ्ग	५६२९७२.०	स्काभेटर	५६२९७२.०

४४ **ईन्धन खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका भौ.न.बाट रु.४७४६६०७.९३ को ईन्धन खरिदमा खर्च गरेको देखियो। उक्त ईन्धन प्रयोग बाटो निर्माणमा प्रयोग हुने स्काभेटरको प्रयोजनको लागि खरिद गरेकोमा विल मात्र पेश भएको, स्टोरमा दाखिला गरेकोमा सोको प्रयोग भएको नदेखाएको उक्त ईन्धन कुन काम प्रयोग भएको हो सोलाई पुष्टाई हुने निर्माण कार्यको लागत अनुमान, नापी किताब, कार्य स्वीकार प्रतिवेदन लगायतका आवश्यक प्रमाण पेश हुनपर्ने रु.........

भौ.न. र मिति	भुक्तानी पाउने	बेहोरा	रकम
२४८-२०८२।०३।२५	मल्ल आयल स्टोर प्रा.लि.	डिजेल खरिद	१५१६४८९.०
१०२-२०८२।१२।२४	मल्ल आयल स्टोर प्रा.लि.	डिजेल खरिद	७६०३४३.०
७६-२०८१।११।२९	मल्ल आयल स्टोर प्रा.लि	डिजेल खरिद	७९६३५३.८५
४४-२०८१।०८।०६	मल्ल आयल स्टोर प्रा.लि	डिजेल खरिद	७६१३८३.०८
४-२०८१।०६।१८	मल्ल आयल स्टोर प्रा.लि	डिजेल खरिद	९१२०३९.०
		जम्मा	४७४६६०७.९३

प्रमाण पेश नगरेको	४७,४६,६०७.९३

४५ **कार्यसम्पादन जमानत:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसारका ठेक्काको म्याद थप गर्दा कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्दा कम्तीमा एक महिना अवधिको थप गरेको देखिएन। पालिकाले ठेक्काको म्याद थप गरेको अवधि समेतको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना थप अवधिको कार्यसम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्दछ।

क्र.स.	ठेक्का न. र ठेक्काको विवरण	निर्माण ब्यबसायीको नाम	सम्झौता अंक	सम्पन्न गर्नुपर्ने मिति	परफरमेन्स बन्ड रकम	परफरमेन्स बन्डको म्याद सकिने मिति	म्याद हुनुपर्ने मिति	कैफियत
१	PNP/BTD/NCB/Works/05/2080/081- डिलासैनी भगवती मन्दिर निर्माण पुनपा ८	जय दुर्गे कन्स्ट्रक्सन	१०१०७८७४.६१	२०८१।०३।१६	१०६००००.०	२०८२।०९।२९	२०८२।१०।३०	सम्पन्न भएको
२	PNP/BTD/NCB/Works/02/2081/082- रुजकोट देखि तल्लो देहि हुदा दोगडाकेदार जोड्ने सडक	समैजी कन्ट्रक्सन	८०९५४८१.५०	२०८२।०३।१५	४४०००००.०	२०८३।०३।३०	२०८३।०४।१५	सम्पन्न नभएको

४६ **घटी कार्यसम्पादन जमानत:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा खरिद कार्यको सम्झौता गर्न कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका निर्माण कार्यमा घटी कार्यसम्पादन जमानत पेश गरेको अवस्थामा समेत निर्माण व्यवसायीसँग सम्झौता गरी खरिद कार्य अगाडी बढाएको देखिएकोले रु.२०००००.० घटी कार्यसम्पादन जमानत सम्बन्धित निर्माण व्यवसायीलाई पेश गर्न लगाउनु पर्ने रु........

ठेक्का नं र निर्माण कार्य	निर्माण व्यवसायी	हुनुपर्ने कार्यसम्पादन जमानतको रकम	भएको	घटी कार्यसम्पादन जमानत
PNP/BTD/NCB//08/2079/080- कफलगाँढ देखि खेतिखनसम्म सिचाई योजना	मिलन कन्ट्रक्सन	११५००००.०	९५००००.०	२०००००.०
			जम्मा	२०००००.०

प्रमाण पेश नगरेको	२,००,०००

४७ बढी भुक्तानी

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४८ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माण लगायतका अन्य निर्माण योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ३१.०४ देखि ५६.३९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

क्र.स.	योजनाको नाम	निर्माण व्यवसायी	लागत अनुमान	कबोल अंक	घटी प्रतिशत
१	ढोल्यामोठ बगौरा विजयपुर फलाम खानी तथा जडीबुढी पहुँच मार्ग सडक निर्माण	ए विवि कन्ट्रक्सन	८३७३२६९.९३	४५३१११५.९०	४५.६२
२	डिलासैनी भगवती मन्दिर निर्माण पुनपा ८	अट्याल निर्माण सेवा	६७६४५८४.७०	३८३६२९१.९३	४३.२९
३	रुजकोट देखि तल्लो देहि हुदा दोगडाकेदार जोड्ने सडक	समैजी कन्ट्रक्सन	१८७८०९९२.८१	८०९५४८१.५०	५६.३९
४	महादेव मा वि शिबाबो भवन निर्माण	बेताल भगवती निर्माण सेवा	१४२५८६६०.९०	९१६६३१४.६३	३५.७१
५	कुट्याबगर मसानीमाण्ड हुदै सुईलेक सडक मर्मत सम्भार	एच वि एस मामा भान्जा कन्स्ट्रक्सन प्रा.लि.	१९१३७४९.४६	५५९४४४९.६६	३७.०६
६	हाँट खडीखेत सडक मर्मत सम्भार	एच वि एस मामा भान्जा कन्स्ट्रक्सन प्रा.लि.	१९०६१८६.०७	१३१५२१९.३३	३१.०४
७	६ नं वडा कार्यालय भवन निर्माण	जय दुर्गे कन्स्ट्रक्सन	९५७९१९६.११	५७५०८५१.४५	३९.९७

४९ धरौटी कट्टा:

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(४) मा विल वा विजको भुक्तानी गर्दा ५ प्रतिशत धरौटी कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायका निर्माण व्यवसायीलाई निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा नगरी भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरी सम्बन्धित खतामा दाखिला हुनुपर्ने रु

भौ.न. र मिति	निर्माण व्यवसायी	भुक्तानी रकम	धरौटी रकम
१७-२०८२।०१।२८	जय माँ डिलासैनी निर्माण सेवा	८०००००.०	३५४७८.०
२५३-२०८२।०३।३५	नौगडे निर्माण सेवा	५७००००.०	२५२२१.०
१२७-२०८२।०१।१७	विईसि कन्स्ट्रक्सन प्रा.लि.	९६५१००.०	४४०२०.०
		जम्मा	१०४७१९.०

असुल गर्नुपर्ने	१,०४,७१९

५० **उच्च पहाडी हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम**

५०.१ **लागत साझेदारी-**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५०.२ आवश्यकता र उपयोगिता बेगर सामाग्री खरिद: सार्वजनिक खर्चको अधिकत प्रतिफल हासिल हुने गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद ऐनमा उल्लेख छ। उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तिकरण कार्यक्रम अन्तर्गत पालिकाले भौ.न.१-२०८२।०३।२३ बाट मेशिन हब प्रा.लि.काडमाडौलाई अल्लो प्रशोधन मेशिन खरिदबापत रु.७०००००.० भुक्तानी गरेकोमा खरिद गरेको मेशिन हालसम्म जडान नभएको उक्त मेसिन पालिकाको कार्यालयको मुख्य गेटको प्यासेजमा रहेको, कुन प्रयोजन र कुन समूहलाई वितरण गर्ने भनि उल्लेख नभई खरिद गरेको तथा लागत साझेदारी समेत एकिन नभएको देखियो। उक्त मेशिनको लागत अनुमान रु.१००००००७.० रहेकोमा शिलबन्दी कोटेशनमार्फत खरिद गर्नुपर्नेमा तिनवटा दररेट माग गरी खरिद गरेको, समूह गठन नगरी प्रयोजन वेगर बजेट फ्रिज हुन नदिने मनसायले उक्त सामान खरिद गरेको र सो सामाग्री वारेण्टी १ वर्ष मात्र तोकिएको अवस्थामा उक्त सामान कसलाई हस्तान्तरण गर्ने भन्ने निर्णय नगरी सामान खरिद गरेको देखिएकोले उक्त रकम संघीय कोषमा शोधभर्ना हुनुपर्दछ। साथै, खरिद गरेको सामाग्रीको अधिकतम प्रतिफल हुने गरी प्रयोग गर्नुपर्ने रु......

प्रमाण पेश नगरेको	७,००,०००

५१ **शोधभर्ना:**

संघीय हस्तान्तरण कार्यक्रम अन्तर्गत झोलुङ्गे पुलको कुल कार्यको ८५ प्रतिशत संघ सरकार, १३ प्रतिशत सम्बन्धित पालिका र २ प्रतिशत सम्बन्धित उपभोक्ता समितिले खर्च व्यहोर्नुपर्ने व्यवस्था रहेकोमा त्रिवेणी घाट झो.पु.निर्माण कार्यको संघ सर्शत पुर्जिँगतको भौ.न.२३-२०८२।०३।२५ बाट त्रिवेणी घाट झो.पु.निर्माण उ.स.लाई रु.९४५२९२.० भुक्तानी भएकोमा १३ प्रतिशतबापत रु.५०४६२५.२५ पालिकाबाट भुक्तानी हुनुपर्नेमा संघ सर्शतबाट भुक्तानी भएकोले उक्त रकम पालिकाले सम्बन्धित खातामा शोधभर्ना गर्नुपर्ने रु...

प्रमाण पेश नगरेको	५,०४,५२५

५२ **कन्टिन्जेन्सी खर्च:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुचि १ मा व्यवस्था गरेको छ। उक्त अनुसुचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ। सो अनुरुप निर्माणकार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो बर्ष पालिकाले सञ्चालित आयोजनाबाट कन्टिन्जेन्सी खर्च गरेकोमा सोको अभिलेख राखेको पाईएन। महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने तथा कन्टिन्जेन्सी खर्चको विवरण अद्यावधिक राख्नुको साथै योजनाअनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टी गर्नु पर्दछ।

५३ **पन्ध्र सैय्याको अस्पताल:**

पन्ध्र सैय्याको अस्पताल: पालिकामा निर्माणधिन १५ शैय्या अस्पताल (PNP/BTD/NCB/18/077/078) को रु.१९७८६८१२१.१ (भ्याट सहित) लागत अनुमान रहेकोमा खानी-जगदम्बा जे.भि.ले रु.१९३७४१९२३.२० (भ्याट सहित २.१ प्रतिशत घटीमा) कबोल गरेकोमा हाल चौथौ रनिङ बिलसम्म रु.११६८०४०७५.४२ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा देखिएका बेहोरा निम्न छन:

५३.१ म्याद थप: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न व्यवस्था छ। पन्ध्र शैय्या अस्पातलको शुरु म्याद २०७९।१२।०२ रहेकोमा पालिकाको ७१ औ कार्यपालिकाको बैठकबाट २०८०।०१।२१ गतेसम्म म्याद थप गर्ने निर्णय भएकोमा २०८०।०१।२५ गतेको म्याद थपको टिप्पणी आदेशमा २०८१।०१।२१ गते सम्म उल्लेख भएको देखियो। कार्यपालिकाको निर्णय भन्दा १ वर्ष अवधि थप गरी म्याद थप गरेको नियमसम्मत देखीएन। दोस्रो पटक २०८१।१२।१६ को निर्णयबाट २०८२।०३।२४ गतेसम्मको म्याद थप गरेको देखियो। तसर्थ: कार्यपालिकाको निर्णय भन्दा थप १ वर्ष म्याद थप गरेको विषय कार्यपालिकाबाट अनुमोदन समेत नभएकोले के कति कारणले त्यस्तो हुन गएको हो सो सम्बन्धमा पालिकाले एकिन गरी म्याद थपसम्बन्धमा एकिन गर्नुपर्दछ।

५३.२ बिमा पोलिसी पेश नभएको: उक्त निर्माणको कार्यको बिमाबापत निर्माण व्यवसायीलाई रु.७२००००.० भुक्तानी भएकोमा बिमा पोलिसि पेश गर्नुपर्नेमा निर्माण व्यवसायी खानी-जगदम्बा जे.भि.ले सिद्धार्थ प्रिमियर ईन्सुरेन्स लि. को SPECIMEN COPY "यो विमालेख नभई प्रोफोर्मा सेड्यूल" मात्र पेश गरेकोले निर्माण व्यवसयीबाट पूरै निर्माणकार्यको बिमा कभर गर्ने गरी Valid Insurance Policy पेश गर्न लगाउनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.........

प्रमाण पेश नगरेको	७,२०,०००

५३.३ पेश्की कट्टि: १५ शैयाको अस्पताल निर्माण (PNP/BTD/NCB/08/2077-78) कार्यको लागि पालिका र खानी जगदम्बा जे.भि. विच भएको सम्झौता एस सि सि मा सम्झौता रकमको ३० प्रतिशत नाघेको अवस्थामा भुक्तानी हुने प्रत्येक रनिङ विलबाट पेश्की कट्टी गर्नुपर्ने तथासम्झौता रकमको ८० प्रतिशत भुक्तानी हुदा सम्पूर्ण पेश्की फस्योंट गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायी सँग भएको सम्झौता रकम रू.१९३७४१९२३.०० को ६०.२९ प्रतिशतले हुने रू.११६८०४०७५.४२ (मुल्य समायोजन बाहेक) भुक्तानी भएको अवस्थामा पेश्की रकमको ६०.५८ प्रतिशतले हुने रकम रु.२०१११५५५.७९फस्योंट गर्नु पर्नेमा चौथो रनिङ विलसम्म रु.१९०४५११६०.३५ मात्र कट्टा गरेकोले बाँकी रु. १०६६३९५.४४ को अनुपातिक रुपमा घटी पेश्की फस्योंट गरेको रकम अर्को विलबाट समायोजन गर्नुका साथै उक्त अवधि सम्म उक्त रकम निर्माण व्यवसायीले उपयोग गरेको हदसम्म आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम वार्षिक १० प्रतिशतले हुने रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.......

असुल गर्नुपर्ने	१०,६६,३९५.४४

५३.४ Aggregate Materials को ढुवानी सम्बन्धमा: उक्त निर्माण व्यवसायीसँग निर्माण कार्यको सम्झौता हुँदा निर्माण सामाग्री गिट्टी, बालुवाको ३० कि.मि.को प्रति घ.मि.रु.४८०.० का दरले दर विश्लेषण गरेकोमा आ.व.२०८०।८१ बाट पालिकाको जमाडीगाड

खोलामा क्रसर संचालित अवस्थामा रहेको देखियो। उक्त क्रसरबाट अस्पताल निर्माण साईट जम्मा ८ कि.मि.मात्र टाढा रहेकोमा निर्माण सामाग्री ढुवानी सम्झौता बमोजिम नै भौ.न.२१-२०८२।०३।२३ बाट खानी-जगदम्बा जे.भि. लाई चौथौ रनिङ विलबापत रु.२०९९८२३८.० भुक्तानी भएको तथा यस रनिङ बिलमा Aggregate Materials को प्रयोग भएको आईटमको भुक्तानी भएकोले चौथो रनिङ बिलमा प्रयोग भएका बालुवा गिट्टि लगायतका क्रसर निर्माण सामाग्री ३० किमि टाढाबाट ढुवानी गरेको हो भन्न सक्ने अवस्था देखिएन।यदि उक्त क्रसरबाट Aggregate Materials को ढुवानी गरेको अवस्थामा प्रति घन रु.४९४.0 ढुवानी भाडा कम पर्ने देखिन्छ। अत: क्रसरजन्य निर्माण सामाग्री साविकबाटै ढुवानी भए नभएको पालिकाले एकिन गरी जमाडीगाड खोलाको सामाग्री प्रयोग भएको अवस्थामा बढी ढुवानीबापतको रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ।

५३.५ थप व्ययभार: भौ.न.९-२०८१।१२।०१ बाट ईन्जिनियर्स वर्ल्ड प्रा.लि.लाई १५ शैय्या अस्पालतको गुणस्तर परिक्षणकोलागि परामर्श सेवा बापत रु.१७८५०००.० भुक्तानी भएको देखियो। उक्त परामर्श कार्यको लागत अनुमान रु.१८७२९०३.०२ रहेकोमा तिनवटा दररेट माग गरी ईन्जिनियर्स वर्ल्ड प्रा.लि.सँग रु.१७८५०००.० मिति २०८१।१०।२० मा सम्झौता भएकोमा २०८१।१२।२० भित्र सम्पन्न गर्ने कार्यादेश रहेकोमा मिति २०८१।११।२२ मा कार्यसम्पन्न गरी विल माग गरेको देखियो। कार्या अवधि भन्दा १ महिना अगाडी नै कार्यासम्पन्न गरेकोले लागत अनुमान उल्लेख भए बमोजिम दिन र विशेषज्ञहरुको प्रयोग भएको हो भन्न सक्ने अवस्था नदेखिएकोले सो लाई पुष्टाई गर्ने Work Schedule प्रमाण पेश गर्नुपर्दछ। साथै, उक्त कार्यको लागि नगरकार्यापालिकाको ८२ औ बैठक २०८१।०९।१७ गतेको निर्णयबमोजिम परामर्शबाट खरिद गर्ने निर्णय गरेको, निर्माण व्यवसायीसँग भएको सम्झौतामा lab test बापत रु.२५००००.० PS Item उल्लेख भएकोमा निर्माण व्यवसायी ल्याब टेष्टलगायतका कार्य गर्नुपर्नेमा परामर्शसेवा मार्फत गर्दा पालिकालाई थप व्ययभार परेको रु........

अनियमित भएको	१७,८५,०००

५३.६ जिन्सी दाखिला: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४, ९५ र ९६ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. 4०८ खप्ने जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. ४०७ मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाले भौ.न.९-२०८१।१२।०१ बाट ईन्जिनियर्स वर्ल्ड प्रा.लि.लाई १५ शैय्या अस्पालतको गुणस्तर परिक्षणकोलागि परामर्श सेवा बापत रु.१७८५०००.० भुक्तानी भएको देखियो। उक्त परामर्शदाताले पेश गरेको ल्याब टेष्टको रिपोर्टको PAMS मा जिन्सी दाखिला गरेको प्रतिवेदन पेश नगरेकोले जिन्सी दाखिला प्रतिवेदन पेश गर्नुपर्दछ।

५३.७ ल्याब टेष्टको प्रतिवेदनको कार्यान्वियन: पन्ध्र शैय्या अस्पतालको हालसम्मको कार्यको गुणस्तर परीक्षण गरी ईन्जिनियर्स वर्ल्ड प्रा.लि.ले ल्याब टेष्ट सहितको प्रतिवेदन पेश गरेको देखियो। उक्त प्रतिवेदनको Summary of Field Investigation ३ वटा पहिरो गएको मध्ये Landslide 3 बाट RCC Wall damaged भएको, Ultrasonic Pulse Velocity Test Data अन्तर्गत Grid:G(1-2), GH-1 को quality of Doubtful लगायतका विषयहरु उल्लेख भएकोले पालिकाले उक्त प्रतिवेदनमा उल्लेख भएको र सुधार गर्नुपर्ने विषयहरु तत्काल निर्माण व्यवसायीलाई सुधार गरी प्रतिवेदनको कार्यान्विय गर्नुपर्दछ।

५३.८ निर्माणधिन अस्पतालको अवस्था: स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका,२०७७ को बुदाँ नं ३.३ मा जग्गाको स्लोपको अनुस्थिति (Orientation) अन्तर्गत घाम पर्याप्त नपुग्ने ओसेप तथा उत्तर फर्केको भिरालो जमिनलाई स्वास्थ्य भवन निर्माण छनौट गर्न नहुने, मानव वस्तीबाट नजिक र सारभूतरुपमा समतल भएको जग्गा छनौट र पोखरी वा अन्य पानी जम्ने स्थान छनौट गर्नु नहुने, बाढी पहिरोबाट हुने क्षतिको जोखिम नभएको स्थान हुनुपर्ने उल्लेख छ। तर निर्माणधिन अस्पताल खेत र खहरेको छेउमा रहेको, पानीको मुल फुटेको निकासा उचित नहुँदा भुईतला पानीले भरिएको, एकापटि साईटमा पहिलोले RCC Wall लाई क्षति पुर्‍याएको अवस्था (चित्रमा उल्लेख भएको) रहेकोले जग्गा छनौट गर्दा निर्देशिका पालना भएको देखिएन।

५४ **सम्झौताको कार्यान्वयन:**

Standard Bidding Document सम्झौताको एससिसिको बुँदा न ५७.३ मा सम्झौता मूल्यको ३० प्रतिशत भुक्तानी हुदाँसम्म निर्माण व्यावसायीलाई दिइएको पेश्की रकम नकटाउने र तत्पश्चात सम्झौताको ८० प्रतिशत भुक्तानी हुन्जेल प्रत्येक रनिङ्ग विलको ४० प्रतिशत रकम पेश्कीको रुपमा भुक्तानी भएको रकमबाट कट्टि गर्ने उल्लेख छ। पालिकाले ६ नं वडा कार्यालय भवन निर्माण (PNP/BTD/NCB/Works/06/2081/082) कार्यमा लागत अनुमान रु.९५७९१९६.० रहेकोमा कबोल अंक रु.5750851.45 रहेकोमा रु.१००००००.० पेश्की गएको देखियो। हाल कुल कार्यको ३५ प्रतिशत रु.२०१६८८०.० भुक्तानी निर्माण व्यवसायी जय दुर्गे कन्स्ट्रक्सनलाई भैसकेको अवस्थामा पेश्की रकमको ४० प्रतिशत हुने रु.४०००००.० कट्टा नगरी भुक्तानी गरेकोले सम्झौतामा उल्लिखित प्रावधान अनुसार अनुपातिक हिसाव गरी पेश्की फर्स्यौट गर्नुपर्नेमा पेश्की फर्स्यौट नगरी निर्माण व्यवसायीलाई लाभ हुने गरी कार्य गरेको देखियो। अतः अनुपातिक रुपमा घटी पेश्की फर्स्यौट गरेको रकम अर्को विलबाट समायोजन गर्नुका साथै उक्त अवधि सम्म उक्त रकम निर्माण व्यवसायीले उपयोग गरेको हदसम्म आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम वार्षिक १० प्रतिशतले हुने रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु......

असुल गर्नुपर्ने	४,००,०००

५५ **घटी अवधिको विमालेख:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा निर्माण कार्यको त्रुटी सच्चाउने अवधिसम्मको निर्माण व्यवसायीले बिमालेख पेश गर्नुपर्ने व्यवस्था छ। PNP/BTD/NCB/Works/05/2080/081- डिलासैनी भगवती मन्दिर निर्माण पुनपा ८ कार्यको लागत अनुमान रु.६७६४५८४.७० रहेकोमा कबोल अंक रु.३८३६२९१.९३ रहेको देखियो। उक्त निर्माण कार्यको लागि बिमालेखबापत रु.२९०००.० अट्याल निर्माण सेवालाई भुक्तानी गरेकोमा उक्त निर्माण व्यवसायीले पेश गरेको विमालेखको अवधि १ महिनाको मात्र रहेकोले त्रुटी सच्चाउने अवधि २०८३।०४।१५ सम्म अवधिको विमालेख निर्माण व्यवसायी अट्याल निर्माण सेवाबाट पेश हुनुपर्ने रु...

प्रमाण पेश नगरेको	२९,०००

५६ **बिमा नगरेको:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा रु.२० लाख भन्दा बढी निर्माण कार्यको बिमा गराउनुपर्ने व्यवस्था छ। पालिकाले देहायका निर्माण कार्यको बिमा नगराई ठेक्का सम्झौता गरेको देखियो। निर्माण व्यवसायी BOQ मा बिमा समावेश गरेता पनि बिमा पोलिसि पेश नगरी सम्झौता गरेकोले निर्माण व्यवसायीबाट नियावली तथा सम्झौतमा भएको व्यवस्था बमोजिम यथाशिघ्र बिमा पोलिसि पेश गर्नुपर्दछ। साथै, सम्झौतामा भएको व्यवस्था कार्यान्वयन नगरी सम्झौता गरी कार्यादेश दिने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई आगामी दिनमा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

ठेक्का नं र कार्य	निर्माण व्यवसायी	कबोल अंक	BOQ अनुसार बिमा रकम
PNP/BTD/NCB/Works/05/2080/081- डिलासैनी भगवती मन्दिर निर्माण पुनपा ८	जय दुर्गे कन्स्ट्रक्सन	१०१०७८७४.६१	९२०१९.८६
PNP/BTD/NCB/Works/02/2081/082- रुजकोट देखि तल्लो देहि हुदा दोगडाकेदार जोड्ने सडक	समैजी कन्ट्रक्सन	८०९५४८१.५०	१०००००.०
PNP/BTD/NCB/Works/03/2081/082- महादेव मा वि शिबाबो भवन निर्माण	बेताल भगवती निर्माण सेवा	९१६६३१४.६३	८००००.०
PNP/BTD/NCB/Works/06/2081/082-६ नं वडा कार्यालय भवन निर्माण	जय दुर्गे कन्स्ट्रक्सन	५७५०८५१.४५	५००००.०

५७ **लागत सहभागिताः**

सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ को अनुसूचि ९ (क) र (ख) कृषि यान्त्रिकिकणका लागि ५० प्रतिशत कार्यालयको अनुदान हुने व्यवस्था छ। पालिकाले देहायका भौचरबाट निम्नानुसार सप्लायर्सलाई शतप्रतिशत नै भुक्तानीबापत रु.६५९५००.० खर्च लेखेकोमा सम्बन्धित कृषकबाट ५० प्रतिशत लागत सहभागिता बापतको रकम असुल गरी सम्बन्धित राजश्व खातामा दाखिला हुनुपर्दछ। साथै पालिकाबाट अनुदान दिएको रकमको विवरण सम्बन्धित लाभग्राहीले सार्वजनिक समेत गर्नुपर्दछ। रु..........

भौ.न. र मिति	**भुक्तानी पाउने**	**खरिद सामाग्री**	**भुक्तानी रकम**	**लागत साझेदारी**	**कैफियत**
२३२-२०८२। ०३।२३	चिराग ग्रिन ग्रो कनेक्ट	३ थान मिनि टिलर	१६५००००.०	८२५००.०	लागत साझेदारी नभएको जिन्सी दाखिला भएता पनि सम्बन्धित लाभग्राहीलाई वितरण भएको प्रमाण पेश नभएको
१९९-२०८२। ०३।१६	के एन ट्रेडिङ कन्सर्न	१ थान थ्रेसर मेसिन	२८४००००.०	१९२०००.०	लागत साझेदारी नभएको उपरगाँउ र खेताली टोलका रामबहादुर धानुक समेत ११ जनालाई हस्तान्तरण गरेको भरपाई पेश भएको
१९७-२०८२। ०३।१२	चिराग ग्रिन ग्रो कनेक्ट	४ थान मिनि टिलर, थ्रेसर १ थान पम्पसेट १ थान र मोटर थ्रेसर १ थान	७७०००००.०	३८५००००.०	लागत साझेदारी नभएको जिन्सी दाखिला भएता पनि सम्बन्धित लाभग्राहीलाई वितरण भएको प्रमाण पेश नभएको
			जम्मा	६५९५००.०	

असुल गर्नुपर्ने	६,५९,५००

५८ **पाइप खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट रु. १३४८७८१.० एच डि पि ई पाइपहरु खरिद गरी विभिन्न वडा अध्यक्षहरु तथा व्यक्तिहरुलाई वितरण गरी खर्च लेखेकोमा उक्त पाईपहरुको जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताव सहितको खपत प्रमाणित हुने प्रमाण पेश हुनुपर्ने रु.....

भौ.न. र मिति	भुक्तानी पाउने	विवरण	भुक्तानी रकम
२६१-२०८२।०३।२५	बम ट्रेर्ड सप्लायर्स धनगढी	पाईप-२१०० मि.	९७७४५.०
२१३-२०८२।०३।२०	बम ट्रेर्ड सप्लायर्स धनगढी	पाईप-१८०० मि.	७९२२६.०
१३०-२०८२।०१।२९	बम ट्रेर्ड सप्लायर्स धनगढी	पाईप-२६१०० मि	८५१९०७.०
१२४-२०८२।०१।१७	विईसि कन्स्ट्रक्सन प्रा.लि.	पाईप खरिद-६०० मि.	५५२५७.०
३०-२०८१।०७।०७	वडा न ६ का वडा सचिव नरसिंह साउद	पाईप खरिद- ५२०० मिटर	२६४६४६.०
		जम्मा	१३४८७८१.०

प्रमाण पेश नगरेको	१३,४८,७८१

५९ खर्चको पुष्टाई:

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट देहायका भुक्तानीमा निम्नानुसार रु.२९०५५२.० खर्चको पुष्टाई गर्नुपर्ने देखिएको रु.......

भौ.न. र मिति	भुक्तानी पाउने	कार्य	बेहोरा	रकम
२२२-२०८२।०३।३१	महेश्वर हार्डवेयर एण्ड मिल मेसिनरी सप्लायर्स	कुटानी पिसानी मेसिन खरिद	कार्यालय प्रयोजन भनि वडा नं १ का ना.प्र.स.ले कार्यालय प्रयोजनको लागि माग गरेको सोको प्रयोग भएको पुष्ठाई नभएको	१५००००.०
३-२०८२।०३।२४	अछाम ईन्जिनियरिङ कनसल्टेन्ट एण्ड ईन्स्टिच्यूट प्रा.लि.	तल्लादेहिमा रहेको खेति मा.वि. विद्यालयको माटो परिक्षण रिपोर्ट	PAMS मा जिन्सी दाखिला नभएकोले जिन्सी दाखिला पेश हुनुपर्ने	९५०००.०
६-२०८१।१२।१७	मसानीमाण्डौ पर्यटकीय पदमार्ग उ.स.	पदमार्ग निर्माण	भएकोमा Dry wall section wall को ४.६४१ घ.मि. को रु.५९४४.११ का दरले भुक्तानी हुनुपर्नेमा masonary Wall को दर रु.१५७५९.४० का दरले भुक्तानी भएकोभएकोमा Masonary wall को कार्य भएको प्राविधिक पुष्टाई हुनुपर्ने	४५५५२.०
			जम्मा	२९०५५२.०

प्रमाण पेश नगरेको	२,९०,५५२

६० सोझै खरिद:

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमूना परिक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार(अनुसूचीमा उल्लेख भएको) एउटै प्रकृतिका निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न निर्माण व्यसायीबाट सडक मर्मत लगायतका निर्माण कार्यलाई टुक्रा पारी सोझै खरिद गरेको देखियो। सोझै खरिद हुँदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने

भएकोले मु अ कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन। अतः नियमावलीले तोकेको सीमा भन्दा बढि रकमको खरिद कार्यलाई टुक्रा पारी गरिएको खरिदबापतको रु.९२२११०१.० भुक्तानी भएको नियमसम्मत नदेखिएकोले आगामी दिनमा पालिकाले खरिद ऐन र नियमावलीमा भएको व्यवस्था कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६१ **समग्र ठेक्काको अवस्था:**

पालिकाले स्वीकृत कार्यक्रमअनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ तथा सार्वजनिक खरिद नियमावलीको नियम २१ देखि २३ सम्म ठेक्कापट्टाको खरिद सम्झौता गरी काम गराउने व्यवस्था छ। यसरी खरिद सम्झौता गरेपछि म.ले.फा.न.५०७ मा अभिलेख राखी सम्झौता बमोजिमको काम सम्पन्न गराउनु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा निम्न अनुसार ठेक्कापट्टा गरी काम गराएको विवरण प्राप्त भएको छ।

विवरण	विगत वर्षबाट सरी आएको संख्या	यो वर्ष सम्झौता गरिएको संख्या	कुल सम्झौता संख्या	विगत वर्षका यस वर्ष सम्पन्न संख्या	यो वर्ष सम्झौता गरी यसै वर्ष सम्पन्न संख्या	कुल सम्पन्न संख्या	आगामी वर्षहरुमा सम्पन्न गर्ने गरी सरेका संख्या
सिलबन्दी दरभाउ पत्र	०	३	३	०	३	३	०
बोलपत्र	५	५	१०	३	१	४	६
कुल जम्मा	५	८	१३	३	४	७	६

उक्त ठेक्का सम्बन्धमा देखिएका बेहोरा निम्न छन:

६१.१ ठेक्का अभिलेख - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

६१.२ प्राविधिक बिल र कार्य सम्पन्न -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा नापि गरेको मिति उल्लेख गरेको पाईएन। यसले गर्दा कहिले नापि गरिएको हो एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

६१.३ अनुगमन: सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को क्रमस बुँदा न ११ र १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित

क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित ४ योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको कार्यान्वयन हुनुपर्दछ।

६२ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा रनिङ्ग विल वा अन्य कुनै विलको उपभोक्ता समितिलाई भुक्तानी गर्दा प्राविधिक मूल्यांकन अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकामा उपभोक्ता समितिबाट सञ्चालन भएका योजनामध्ये केही नमुना छनौट गरी स्रेस्ता परिक्षण गर्दा देहायका योजनामा नापी किताब, विल तथा कार्यसम्पन्न भन्दा रु.१५५४११८.० बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.......

भौ.न. र मिति	उपभोक्ता समितिको नाम	कार्य	बेहोरा				बढी भुक्तानी रकम
३६-२०८२।०३।१९	डाँडाबाघ मन्दिर संरक्षण प्रवर्द्धन उ स	Dismantling work	माटोको जोडाई भएको गाह्रो भत्काउने कार्य १.३५० घ.मि. को रु.९४८.७० का दरले भुक्तानी हुनुपर्नेमा रु.९८४५.० का दरले भुक्तानी भएकोले रु.				१२०१०.०
४-२०८२।०३।२४ (उच्च पहाडी एवम हिमाली क्षेत्र)	कृषि उपज भण्डारको लागि चिस्यान केन्द्र नि.उ.स.	Formwork Work	फर्माको कामको लागि स्थानीय कुकाठको दर फरक पारेकोले रु.६२४१.० बढी भुक्तानी भएको				६२४१०.०
२३५-२०८२।०३।२४	वडा कार्यालयको भवन तला थप योजना उ.स.	Wooden Work	स्थानीय काठको झ्याल ढोकाको चौकोश को लम्बाई र चौडाई फरक परेकोले बढी १.००२ घ.मि. रु.११३८८०.८७ का दरले रु.१२७०९१.० बढी भुक्तानी				११४१०८.०
Sub Structure मा Super Structure प्रयोग भएको			परिमाण	हुनुपर्ने	भएको	फरक	
२७-२०८२।०३।०३	लटिनाथ स्वामी मन्दिर संरक्षण प्रवर्द्धन उ स	RCC for PCC 1:1.5:3 work	२.१२७ घ.मि.	१८९२३.६६	२१६०८.६६	२६८५.०	५७१०.०
२२-२०८२।०२।२७	चक्रकुण्ड सरोवर मन्दिर निर्माण उ.स.	RCC for PCC 1:1.5:3 work	६.२४४ घ.मि.	१८९२३.६६	२१६०८.६६	२६८५.०	१६७६५.०
४-२०८२।०३।२४ (उच्च पहाडी एवम हिमाली क्षेत्र)	कृषि उपज भण्डारको लागि चिस्यान केन्द्र नि.उ.स.	RCC for PCC 1:1.5:3 work	२३.४५ घ.मि.	१५६२८.८५	१८०७९.८५	२४५१.०	५७४७५.०
२२१-२०८२।०३।२०	प्रतिक्षालय निर्माण योजना नि उ स	RCC for PCC 1:1.5:3 work	१.८१९ घ.मि.	१८६८९.६६	२१३७४.६६	२४५१.०	४४५८.०
पानी नर्छकिकन दररेट विश्लेषण गर्नुपनर्नेमा पानी छर्किकन माटो पुर्ने कामको दररेट विश्लेषण गरी बढी भुक्तानी गरेको							
२५६-२०८२।०३।२५	बुङ्गा खानेपानी उ.स.	पाईपलाईन पुर्ने काम	२८.६७ घ.मि.	५५३.११	२३०.४६	३२२.६४	९२५०.०
२२३-२०८२।०३।२२	बुडार खोला ठुलासैनी खा.पा.उ.स.	पाईपलाईन पुर्ने काम	२३.३९ घ.मि.	५५३.११	२३०.४६	३२२.६४	७५४६.०
२२०-२०८२।०३।२०	माजासैना खा.पा.नि.उ.स.	पाईपलाईन पुर्ने काम	६०.६४ घ.मि.	५५३.११	२३०.४६	३२२.६४	१९५६४.०
२१२-२०८२।०३।१९	महेश्वरी मावि खानीडाँडा खा.पा. मर्मत उ.स. समेत	पाईपलाईन पुर्ने काम	४४.०८ घ.मि.	५५३.११	२३०.४६	३२२.६४	१४१६८.०
२१०-२०८२।०३।१९	अवस्थी गाँउ खा.पा.मर्मत योजना	पाईपलाईन पुर्ने काम	११२.७१ घ.मि.	५५३.११	२३०.४६	३२२.६४	३६३६६४.०
२०६-२०८२।	खाल्टीखोला भौडार	पाईपलाईन पुर्ने	४७.२२	५५३.११	२३०.४६	३२२.६४	१५१३४.०

०३।१८	खा.पा.निर्माण	काम	घ.मि.				
२-२०८२। ०३२४ (प्रदेश चालु विशेष)	बाँस खानेपानी उ.स. तथा सरसफाई समिति	पाईपलाईन पुर्ने काम	९८४.९७ घ.मि.	५५३.११	२३०.४६	३२२.६४	३१७७९०.०
१७०-२०८२। ०३।०३	ठुलिगाड ख्याल खा पा उ.स.	पाईपलाईन पुर्ने काम	५८.७४ घ.मि.	५५३.११	२३०.४६	३२२.६४	१८९५१.०
१५२-२०८२। ०२।२७	लाटाभौलेली मन्दिर निर्माण उ.स.	पाईपलाईन पुर्ने काम	१०९.६८ घ.मि.	५५३.११	२३०.४६	३२२.६४	३५३८७.०
१२२-२०८२। ०१।१५	मसानी माडौ मन्दिर खापा निर्माण उ.स.	पाईपलाईन पुर्ने काम	१३१.७२ घ.मि.	५५३.११	२३०.४६	३२२.६४	४२१८२.०
४९-२०८१। ०८।१९	खानेपानी मर्मत तथा निर्माण उ.स.	पाईपलाईन पुर्ने काम	३१४.९९ घ.मि.	५५१.५७	२१८.८७	३३२.६९	१०४७९५.०
१०-२०८१। ०७।०५	टुणेत देखि पनखा सम्म खापा योजना उ स	पाईपलाईन पुर्ने काम	१२२.८४ घ.मि.	५५१.५७	२१८.८७	३३२.६९	४०८६७.०
८-२०८१।१२। १७	मसानीमाण्डौ देखि नयनगाउँ तटबन्धन उ.स.	Gabin work	१०३ वटा	नदि तथा खोलामा ढुंङ्गाको तटबन्ध कार्यको लागि ढुवानी ७०० मिटर दिएकोले दर विश्लेषण गउदा बढी गरी बढी भुक्तानी भएको		८६९.०	८९५०७.०
५-२०८१।१२। १७	अनारखोली तटबन्धन उ.स.	Gabin work	१०५ वटा			८६९.०	९१२४५.०
१३-२०८२। ०१।१५	पुलदेखि विरपल बगर तटबन्ध उस	Gabin work	११२ वटा			८६९.०	९७३२८.०
२३९-२०८२। ०३।२४	बत्थी धोल सिचाई टंकी निर्माण उ.स.	Soling र stone masonary work	१०.३८ घ.मि.			८६९.०	८७०८.०
१६-२०८२। ०३।२१	धामिगाउँ बाईम मनेकुडा नु.त.सि सडक स्तरोउन्नति उ.स.	सडक निर्माण	उपभोक्ता समितिलाई भ्याटबापत रु. १४५६०.० भुक्तानी गर्नुपर्नेमा रु. १९६५६.० भुक्तानी गरेकोले बढी रु.. ५०९६.० भएको				५०९६.०
			जम्मा				१५५४११८.०

असुल गर्नुपर्ने	१५,५४,११८

६३ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले नगद लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

६४ नगर प्रमुखलाई पेश्की

स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १६(कग) मा नगर प्रमुखको काम, कर्तव्य र अधिकार उल्लेख छ ।पालिकाले नगर प्रमुख दिपक बहादुर बमलाई आर्थिक सहायता वितरणको लागि रु.८५०००। पेश्की दिएको देखियो । ऐनमा भएको व्यवस्था विपरीत जनप्रतिनिधिलाई पेश्कि दिई कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६५ **भ्रमण खर्च**

पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रु.४३९८७०० खर्च गरेको छ । सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नगरपालिका प्रमुखको भ्रमण आदेश नगरकार्यपालिकाबाट स्वीकृत नगराइ प्रमुखले आफैले स्वीकृत गरी खर्च भएको,

• यातायात सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटि जाने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च नियमावली बमोजिम भुक्तानी नभएको,

• कतिपय भ्रमण आदेशमा स्थान र उद्वेश्य नखुलेको

• अधिकाँश भ्रमण आदेशमा स्पष्ट कार्य उल्लेख नगरी कार्यालयको कामकाज भनि उल्लेख भएको,

• भ्रमण खर्च किफायत नदेखिएको,

• वडाको प्रशासनिक खर्चबाट र पालिकाबाट वडा अध्यक्ष, वडा सदस्य र वडा सचिवलाई भ्रमण खर्च भुक्तानी भएकोले भ्रमण अभिलेख खाता नरहेको एउटै अवधिको दोहोरो भुक्तानी हुने सक्ने सम्भावना देखिएको,

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित कर्मचारीहरुलाई खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

६६ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले देहायको भुक्तानीमा पेश भएको बिल, नर्म्स र संझौता भन्दा बढी भुक्तानी गरेको छ । बढी भुक्तानी भएको रकम यकीन गरी रू. १२०८५०। सम्बन्धितबाट असूल हुनुपर्ने रु.

गो भौ नं मिति	भुक्तानी पाउने	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी
३०-२०८२।१२।२० (शिक्षा)	शिक्षा शाखा	२९२२०००	२९४३०००	२१०००
७५२-२०८२।३।२५	सहायक पाचौं अनिल ब बोहरा	७६२६०	१५७२६०	८१०००
५५४-१।१७	spark tours pvt ltd Kathmandu	३९५५०	५८४००	१८८५०
जम्मा				१२०८५०

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,२०,८५०

६७ **लागत अनुमानको आधार**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ र १२ बमोजिम मालसमान र परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार गर्दा आधार लिनु पर्ने व्यवस्था छ ।नमूना परीक्षणको रुपमा परीक्षण गरिएका स्रेस्तामा पालिकाले देहायको खरिद कार्य गरेकोमा सो को लागत अनुमान के को आधारमा तयार गरेको हो सो को आधार पेश नभएकोले लागत अनुमानको सम्बन्धमा यकीन हुन सकिएन। पालिकाले नियमावलीमा तोकिएको आधार लिइ खरिद कार्य गर्नुपर्दछ।

गो भौ नं मिति	खरिद कार्य	लागत अनुमान
११७-२०८२।७।१३	शर्मा काष्ट तथा स्टिल फर्निचर उद्योग	६११०५८
३९४-२०८१।११।१८	DPR of dhanakpur bhurusha surnaya sadak	४९५५६७
७०८-२०८२।३।२५	आन्तरिक नियन्त्रण प्रणाली	४९६५२२
५४०-२०८२।१।१७	DPR of kheti ma bi school building ward no 9	४९८१०४
५४३-२०८२।१।१७	संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन	४९७२००
८१-२०८२।३।२४ (नपा स्वास्थ्य चालु)	औषधि खरिद	२४९२७४१
७९-२०८२।३।२४ (नपा स्वास्थ्य चालु)	औषधि खरिद	९९९४७२
३-२०८१।७।१२ (नपा पशु चालु)	पशु सम्बन्धि औषधि	९९९१००

६८ **कर्मचारीलाई भुक्तानी**

नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको निर्देशन नं ४५ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ।नमुना परीक्षणको रुपमा परिक्षण गरिएका स्रेस्तामा पालिकाले यस वर्ष देहायको खर्चको भुक्तानी दिदा सम्बन्धित सप्लायर्सको वैंक खातामा भुक्तानी नदिई विभिन्न कर्मचारीलाई नगद भुक्तानी दिएको छ।पालिकाले एउटै कर्मचारी सहायक पाचौं अनिल बहादुर बोहरालाई मात्र रु.५९३८५२३.०० भुक्तानी गरेको देखियो।कर्मचारीलाई नगद शोधभर्ना दिदा सम्वन्धितले पाएको सुनिश्चि हुन नसक्ने तथा पारदर्शिता समेत देखिएन।सार्वजनिक खर्चको भुक्तानी दिदा सम्वन्धित व्यक्ति, फर्म वा सप्लायर्सको वैंक खातामा भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।केहि उदाहरण निम्न छनः

कर्मचारीको नाम	प्रयोजन	रकम
सहायक पाचौं अनिल बहादुर बोहरा	खाना, खाजा, इन्धन, मर्मत, गाडी भाडा	५९३८५२३
ना प्र से प्रा लोकेन्द्र ब धामी	औषधि खरिद	७२०००
उजुरी प्रशासक चक्र ब ढुङ्गाल	कार्यालय सामान	९०४००
सु प्र अ प्रविन धानुक	खाना खाजा, गाडी भाडा	१२०८००
पाचौं मिना कुमार जोशी	खाना खाजा	५६६००
स चा जगदिश जोशी	इन्धन, मर्मत	६०३९०६

६९ **एकमुष्ट बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा एकमुष्ट बजेट नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।पालिकाले नगरपालिका चालुतर्फ रु.३७३६०४४.०० एकमुष्ट बजेट राखि खर्च गरेको छ । बजेट एकमुष्टमा राखी आफ्नो तरिकाले खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

७० **अनुदान निकासा**

नगरपालिकाको नगर सभाबाट बार्षिक नीति तथा कार्यक्रममा देहायका विद्यालय एवम् संस्थाहरुलाई निम्न प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराउने गरी पारित भएको छ।सो अनुदान उपलब्ध गराउँदा कार्यविधि बनाई खर्चका आधार तोकी सशर्त अनुदान खर्चका लागि निकासा दिनु पर्नेमा सो बेगर रकम निकासा दिएको अनुदानको उपयोगको स्थिती एकिन हुने गरी भौतिक प्रगति सहितको अनुगमन प्रतिवेदन समेत प्राप्त नभएकोले अनुदान खर्च तोकिए अनुसार भएको एकीन भएन।कार्यविधि बेगर अनुदान दिएको तथा अनुदानको उपभोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्ने देखिएको रु.

गो. भौ.नं मिति	संस्था	प्रयोजन	रकम
७९-२०८१७।५	श्री माहादेव आ वि ठटे	शैक्षिक व्यवस्थापन	२०००००
४-२०८१।९।२ (शिक्षा)	विभिन्न ९ वटा विद्यालय	परीक्षा संचालन	२५५११५०
९-२०८१।९।१२ (शिक्षा)	पुर्चौडी बहुमुखी क्याम्पस हाँट बैतडी	कार्यालय व्यस्थापन	८०००००
१५-२०८१।९।१९ (शिक्षा)	विभिन्न १९ वटा विद्यालय	खेलकुद संचालन अनुदान	५७००००
१४४-८।२	पुर्चौडी बहुमुखी क्याम्पस	कार्यालय व्यस्थापन	१००००००
१९९-२०८१।८।२१	१८ वटा विद्यालय	खेल सहभागिताको विद्यालय	३६००००
	जम्मा		५४८११५०

प्रमाण पेश नगरेको	५४,८१,१५०

७१ **विदुर भत्ता**

७५५-२०८२।३।२५,५९६-२०८२।३।५ पालिकाले मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र विदुर भत्ता वितरण गर्नुपर्दछ। पालिकाको वडा नं ७ र ९ विदुर व्यक्तिहरुलाई रु.१,४४,०००। र रु.१३९९९२। गरी जम्मा रु.२८३९९२। विदुर भत्ता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.४७४५८७९। को ५.९८ प्रतिशत हुन आउँछ ।यस्ता किसिमको वितरणमुखि कार्य पालिकाबाट नै स्पष्ट मापदण्ड बनाइ मात्र खर्च लेख्नुपर्दछ ।

७२ **इन्धन खर्च**

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले सवारी साधन विवरण पेश गरेको छैन तर यस वर्ष रु.९,६७,७०७.०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्दा PAMS मा प्रबिष्ट गरी लगबुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ ।

७३ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ मा खर्च संकेत नं २२७११ विविध खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, निमन्त्रण तथा भोजहरु सम्बन्धि खर्च कार्यालय सुरक्षा सम्बन्धि आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत र अतिथि, सत्कार खर्च र अन्य कुनै शीर्षकमा नभएका खर्चहरु समावेश हुने उल्लेख छ।पालिकाले पेश गरेको विवरणको आधारमा यस वर्ष विविध खर्चतर्फ पालिकातर्फ रु.२६७३५३७.०० र वडातर्फ रु.१०३४१९१.०० गरी जम्मा रु.३७०७७२८.०० विभिन्न कार्यमा चिया पान लगायत खाना तथा खाजामा खर्च गरेको छ। खर्च लेख्दा पुष्टि हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।यस्तै सभा संचालन कार्यमा रु.१,२६,४३०.००विविध खर्च लेखेको छ । पालिकाले खाना र खाजा खर्च मितव्ययी तरिकाले खर्च गर्नुपर्दछ ।

७४ **मर्मत खर्च**

सरकारी निकायले स्थायी सम्पत्तिको मर्मत सम्भार गर्दा म.ले.प. फारम नं ४१५ अनुसारको ढाँचामा मर्मत संभार अभिलेख खाता राख्नु पर्ने व्यवस्था छ ।स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली अनुसार पालिकाले सवारी साधन मर्मतमा रु.१५४४८०४.०० र मेशिनरी औजारमा गत वर्षको रु.९०४००.०० र चालु आर्थिक वर्षमा रु.१०८३४५८.०० गरी जम्मा रु.१२६४३५८.०० गरी जम्मा रु.२८०९०६२.०० मर्मत खर्च गरेको छ।पालिकाले सवारी साधनको मर्मत आवेदन र अभिलेख राखे पनि पाम्समा सवारी साधनको अभिलेख सवारी नम्बर अनुसार अभिलेख नरहेकोले उक्त सवारी साधनमा वर्षभरिमा के कति मर्मत भएको हो विषयमा विश्लेषण गर्न सकिएन।पालिकाले मर्मत खर्च व्यवस्थित अभिलेख राखेको देखिएन।पालिकाले मर्मत खर्चको मापदण्ड तयार नगरेको, मेशिनरी मर्मत गरेकोमा कुन शाखाको र कसले बुझेको सामानको मर्मत भएको सो को यकीन नभएको, पेश भएको कतिपय मर्मतको बिलमा सवारी साधन नम्बर उल्लेख नभएकोले कार्यालयकै सवारी साधनको बिलको रकम भुक्तानी भएको सम्बन्धमा यकीन कतिपय हुन नसकिएको र मर्मत गर्नुपर्ने सवारी साधनमा कुन कुन सामानको मर्मत गर्नुपर्ने हो होइन सो सम्बन्धमा प्राविधिकबाट सिफारिसको आधारमा नभएकोले मर्मत खर्चको वास्तविकता सम्बन्धमा यकीन हुन सकिएन ।सबै मर्मतको बिलमा आपुर्तिकर्ताको बिलमा सहि र छाप रहेको देखिएन । मर्मतको भुक्तानी सोझै पार्टीलाई भुक्तानी हुनुपर्नेमा दुइ पांग्रेको मर्मतको भुक्तानी कर्मचारी मार्फत हुन गरेको देखियो ।यसले खर्चको भुक्तानीमा पारदर्शिता देखिएन । यसले मर्मत कार्यमा भएको खर्चको वास्तविकता सम्बन्धमा यकीन हुन सकिएन । मर्मत कार्यमा अत्याधिक खर्च देखिएकोले यस खर्चमा थप विश्लषण हुनुपर्दछ । पालिकाले मर्मत खर्च सम्बन्धि मापदण्ड बनाई मर्मत कार्य स्पष्ट कारण सहित प्राविधिकबाट सिफारिस समेतको आधारमा मर्मत खर्च लेख्नुपर्दछ । मर्मत आवेदन र अभिलेख नरहेको मर्मत खर्चको केहि उदाहरण निम्न छन

गो भौ नं मिति	भुक्तानी पाउने	मर्मत रकम
७३६-२०८२।३।२५	सुरेन्द्र बहादु धनुषे	३००००
३३५-२०८१।१०।२२	स चा जगदिश जोशी	२७०३०

७५ **एउटै अवधिको २ संझौता**

करार कर्मचारीलाई करार संझौतामा तोकिएको पारीश्रमिक भुक्तानी हुने व्यवस्था छ । पालिकाले डा अनमोल थापाको सुरु संझौता श्रावण देखि पुषसम्म मासिक तलब रु.१०००००। रहेको र पुनः अर्को संझौता मंसिर देखि आषाढसम्मको रु.१५००००। र डम्बर

बहादुर कुँवरको सुरु संझौता श्रावण देखि पुषसम्म मासिक तलब रु.२८६००। रहेको र पुनः अर्को संझौता मंसिर देखि आषाढसम्मको रु.३२९००। रहेको देखिएको छ । पालिकाले देहायको कर्मचारीलाई सुरु करार संझौताभन्दा पछिको करार संझौताअनुसार रु.१०८६००। बढी रकम उपलब्ध गराएको देखियो । यस सम्बन्धमा यकीन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

सि. नं .	नाम	करार संझौता रकम	भुक्तानी भएको रकम	बढी	अवधि	रकम
१	डा. अनमोल थापा	१००००००	१५००००००	५००००	२	१००००००
२	डम्बर बहादुर कुँवर	२८६००	३२९००	४३००	२	८६००
	जम्मा					१०८६००

प्रमाण पेश नगरेको	१,०८,६००

७६ **अवकाश कर्मचारीको तलब**

कर्मचारी पदमा बहाल रहे अवधिसम्मको तलब भत्ता भुक्तानी हुने व्यवस्था छ । सि अ न मि कमला बोहरा मिति २०८१।८।१ देखि अवकाश भएकोमा पालिकाले २०८१।७ सम्मको मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले २०८१।८ को पनि तलब भत्ता वापत रु.४८,०८७.०० भुक्तानी गरेको छ।कार्यरत अवधि भन्दा बढी अवधिको भुक्तानी भएको पारीश्रमिक रकम निजबाट असूल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४८,०८७

७७ **बढी भुक्तानी**

४४३-२०८१।१२।१६, सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम कार्यपालिका सदस्य र सभाको सदस्य लाई मात्र प्रति बैठक रु.५००। को दरले यातायात खर्च उपलब्ध गराउनुपर्ने व्यवस्था छ।पालिकाले बैठकको भत्ता वितरण गर्न सहायक पाचौं अनिल बहादुर बोहरलाई रकम भुक्तानी गरेकोमा निज कार्यपालिका सदस्य र सभाको सदस्य बाहेक नगर प्रमुख, नगर उपप्रमुख र वडा अध्यक्षलाई पनि प्रति बैठक रु.५००। को दरले यातायात खर्च उपलब्ध गराएको छ ।ऐनमा नभएको सुविधा वापतको रकम देहायको पदाधिकारीहरुलाई रु.४२०००। भुक्तानी गरेकोमा भुक्तानी गर्ने कर्मचारीलाई जिम्मेवार बनाइ सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

क्र सं	भुक्तानी पाउने	रकम
1	नगर प्रमुख दिपक बहादुर बम	३५००
2	नगर उपप्रमुख मिना धानुक	३५००
3	वडा अध्यक्ष गणेश बहादुर गडाल	३५००
4	वडा अध्यक्ष कर्ण बहादुर धानुक	३५००
5	वडा अध्यक्ष खगेन्द्र बहादुर बोहरा	३५००
6	वडा अध्यक्ष दिल बहादुर धानुक	३५००
7	वडा अध्यक्ष नागी सिंह खडायत	३५००
8	वडा अध्यक्ष अमर सिंह साउद	३५००
9	वडा अध्यक्ष धिरेन्द्र बहादुर बम	३५००
10	वडा अध्यक्ष विर बहादुर बोहरा	३५००
11	वडा अध्यक्ष रम्बा बोहरा	३५००
12	वडा अध्यक्ष हिक्मत बहादुर विष्ट	३५००
	जम्मा	४२०००

असुल गर्नुपर्ने	४२,०००

७८ भाडा

भाडामा लिएको सम्पत्तिको अभिलेख किताबः भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियन्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न प्रयोजनको लागि घर भाडा वापत गत वर्षको रु.४३४६००.०० र चालु आर्थिक वर्षको रु.५८६०००.०० गरी रु.१०२०६००.०० र गाडी भाडा वापत गत वर्षको रु.६८५०००.०० र चालु आर्थिक वर्षको रु.११०६५००.०० गरी जम्मा रु.१७९१५००.०० खर्च गरेको छ।स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा भएको खर्चको नियन्त्रण तथा व्यवस्थित अभिलेख राख्नुपर्ने तथा खरिद नियमावलीमा तोकिएको प्रक्रिया अपनाई खरिद कार्य गर्नुपर्दछ।

७९ रमाना पश्चातको तलब

कर्मचारीलाई रमानामा उल्लेख भएको भुक्तानी भएको महिनासम्मको तलब भुक्तानी गर्नुपर्दछ । पालिकाले पाचौं झरना रोका मगर पालिकाबाट सरुवा भई त्रिवेणी गाउँपालिका रोल्पा जाँदा निजको रमानामा पालिकाबाट असारसम्म तलब भत्ता भुक्तानी भएको भनिएको तर पालिकाबाट श्रावणको पनि तलब भत्ता वापत रु.३१९९७.०० भुक्तानी गरेको छ । निजलाई रमाना उल्लेख भएको महिना भन्दा बढी महिनाको तलब भुक्तानी गरेकोले निजले श्रावण महिनाको पारीश्रमिक त्रिवेणी गाउँपालिका नलिएको प्रमाण पेश गर्नुपर्ने अन्यथा दोहोरो भुक्तानी भएकोमा निजबाट असूल गर्नुपर्ने रु. रु.

प्रमाण पेश नगरेको	३१,९९७

८० वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।पालिकाले विभिन्न शिर्षकबाट निम्नानुसार रु.५६०५०। को कपडा खरिद गरेको छ।खरिद गरेको कपडाको वितरणको प्रमाणित भरपाई पेश भएको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च भएको अनियमित देखिएको रु.

गो भौ नं	भुक्तानी पाउने	सामानको नाम र परिमाण	रकम
४५९-१२।२२	वडा सचिव उतम बहादुर विष्ट	१९ थान साडी	४१८००
		१९ थान बिलाउज	१४२५०
	जम्मा		५६०५०

अनियमित भएको	५६,०५०

८१ **औषधी खरिद**

नगरपालिकाले विभिन्न फर्मबाट रु.३०,३९,६०५। को औषधि खरिद गरेको छ । यस सम्बन्धमा देखिएका थप कैफियतहरु निम्नानुसार छनः

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको।

• वर्षभरिमा कुन औषधि कति परिमाणमा खरिद भएको हो सो विवरण पेश नभएकोले खरिद भएका औषधिको खर्च र मौज्दातमा सम्बन्धमा यकीन हुन सकिएन,

• आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

• औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।

• कतिपय औषधिको बिलमा मिति उल्लेख नभएकोले उक्त औषधिको म्याद कहिलेसम्म हो सम्बन्धमा यकीन हुन सकिएन,

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्याववधिक हुनेगरी अभिलेख पेश नभएकोले औषधिको खर्च मौज्दातसम्बन्धि यकीन हुन नसकिएको

तसर्थ औषधीको नाम तथा परिमाण सहित खरिद, आपूर्ति, दाखिला तथा खर्च तथा मौज्दात विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन हुने गरी अभिलेख राख्नुपर्दछ ।

८२ **दोहोरो विविध तथा अतिथि सत्कार खर्च**

सुदूरपश्चिम प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ को अनुसूचि १ बमोजिम नगरपालिका प्रमुखलाई मासिक रु.११०००, उपप्रमुखलाई मासिक रु.१००००। भुक्तानी हुने व्यवस्था छ । पालिकाले नगर प्रमुख दिपक बहादुर बम र उपप्रमुख मिना धानुकलाई मासिक अतिथि सत्कार वापत वर्षभरीमा रु.१३२०००। र रु.१२००००। नगद भुक्तानी गरे पनि थप अतिथि सत्कार वापत नगर प्रमुखलाई मासिक रु.२००००। र नगर उपप्रमुखलाई मासिक रु.१५०००। को दरले वर्षभरिमा बिल पेश भएको आधारमा निजहरुको खातामा नगद रु.२४००००। र रु.१८००००। भुक्तानी गरेको छ । दोहोरो भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,२०,०००

८३ **दैनिक भ्रमण भत्ता**

भ्रमण खर्च नियमावली,२०६४ बमोजिम भ्रमण खर्च किफायति हुनुपर्ने व्यवस्था छ ।पालिकाले देहायको कार्यालय प्रयोजनको लागि दैनिक भ्रमण खर्च भुक्तानी गर्दा बढी दिनको भ्रमण खर्च भुक्तानी गरेको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

गो भौ नं मिति	भुक्तानी पाउने	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी	दर	बढी
७०३-२०८२।३।२४	ना प्र से प्रा लोकेन्द्र ब धामी	२०८२।३।५ देखि ३।८	२०८२।३।५ देखि ३।१३	४	१२००	४८००
४६९-१२।२३	सु प्र अ प्रविण धानुक	२०८१।११।१३ देखि ११।१५	२०८१।११।१३ देखि ११।१९	४	१६००	६४००
	जम्मा					११२००
					असुल गर्नुपर्ने	११,२००

८४ **सवारी भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने व्यवस्था छ।यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेशिफिकेसन, अवस्था र आयु. प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ।पालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागी भनि सवारी साधन भाडामा रु.१७९१५००.००खर्च गरेको छ। गाडी भाडा खर्चलाई पुष्टी गर्ने लगबुक र गाडी प्रयोगको प्रयोजन स्पष्ट रुपमा स्रेस्तामा उल्लेख भएको नदेखिएकोले भाडा वापत कार्यालय प्रयोजनको लागि प्रयोग भएको हो होइन सम्बन्धमा यकीन हुन सकिएन।यस्तै पालिकाले दुरी यकीन तोकिएको नर्म्स प्रयोग गरी विभिन्न ठाउँको गाडी भाडा तय गरी गाडी भाडा लिनुपर्नेमा त्यसरी लिएको देखिएन।यसले सवारी साधन भाडामा भएको खर्च रकम सम्बन्धमा आश्वस्त हुन सकिएन। गाडी भाडा खर्च सम्बन्धमा भाडा दर भुक्तानी हुने आधार. लगबुक र कार्यालय प्रयोजनको लागि खर्च हो भनि प्रमाण श्रेस्तासाथ संलग्न गरी भाडा खर्च लेख्नुपर्दछ । पालिकामा एउटा मात्र सवारी साधन रहेकोमा प्रमुख प्रशासकीय अधिकृत, योजना अनुगमन लगायतको कार्यको लागि गाडी भाडा लिनुपर्ने कार्यालयको भनाइ रहेको छ ।

८५ **सुचना प्रकाशन खर्च**

विज्ञापन नियमन गर्ने ऐन,२०७७ नियम ६(क) को उप नियम २ मा सरकारी निकायले भुक्तानी गर्दा संचार माध्यावाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो संचार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ (ग) को उपनियम ३ बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए संचारमाध्यामले जारी गरेको विलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सिले जारी गरेको बिल बमोजिम नियम ५ (ख) दररेटको आधारमा गर्नुपर्नेछ भन्ने ब्यबस्था रहेको छ।पालिकाले सुचना प्रकाशनमा पालिकातर्फ रु.५१७५५८.००खर्च गरेको छ।पत्रिकाहरुले सूचना प्रकाशनको बिलमा पेश गरेको दर कुन नर्म्सको आधारमा राखेको सो को नर्म्स पनि पेश भएको पाइएन। सुचना छपाईको आदेश दिदाँ सूचनाको आकार सहितको आदेश दिनुपर्नेमा सुचनाको साइज नखुलाई आदेश दिने गरेकोले पत्रिकाहरुले आफु खुशि अनावश्यक ठुलो साइजमा सूचना प्रकाशन गरेको देखिन्छ । पालिकाबाट सबै सूचना प्रकाशन भएको बिलमा परिमाणको सि सि र रेट खुलेको छैन।सूचना प्रकाशन भएको रकम भुक्तानी गर्दा बिल रकममा २५ प्रतिशत सम्म छुट हुने व्यवस्था छ। पालिकावाट बिभिन्न किसिमका सूचना तथा विज्ञापन प्रकाशन गर्दा विभिन्न संचारमाध्याम तथा पत्रिका मार्फत सूचना प्रकाशन गर्दा सरकारी निकाय गोरखापत्र तथा कान्तिपुर जस्ता पत्रिकाले प्रकाशन गरेको दररेट र तोकिएको दरमा २५ प्रतिशत छुट दिने गरेको देखिन्छ।यसरी विज्ञापन वा सूचना प्रशारण गर्दा एजेन्सीको सेवाशुल्क खुलाउने र तोकिएको दरमा छुट समेत गरी भुक्तानी दिने लिने गरेको देखिएन।विज्ञापन तथा सूचना प्रकाशन गर्दा नियमको पालना गरी तोकिएका दरमा छुट समेत लिई विज्ञापन गराउनु पर्ने देखिन्छ।

८६ **कपडा वितरण**

नगरपालिकाको महिला संजला गठन सम्बन्धि कार्यविधि बमोजिम संजालको सदस्यहरुको सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुने व्यवस्था छ । कार्यपालिकाले महिला संजालहरुको सदस्यलाई कपडा उपलब्ध गराउने निर्णय गरेको देखिएन । तर पालिकाले सहायक पाचौं मिना जोशीलाई गरेको भुक्तानी रकममा निजले १६ जनालाई रु.१२५०.०० को दरले रु.२००००.०० को कपडा वितरण गरेको छ।कानूनी व्यवस्था बेगर कपडा वापत भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२०,०००

८७ **वडा कार्यालय संचालन खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई रु.२५ हजार भन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा संचालन खर्च अन्तर्गत गत वर्षको रु.२२९२९१५। र चालु आर्थिक वर्षमा रु.६२६९६३९.१७ खर्च गरेको छ । वडा संचालन खर्चको स्रेस्ता परिक्षण गर्दा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको , अधिकाँश वडाको इन्धनको बिलमा कार्यालयको नाम उल्लेख नभएको, खरिद भएका सामग्रीहरु पाम्समा दाखिला नगेको, मर्मत कार्य पाम्सबाट मर्मत आवेदन स्वीकृत गराइ गर्नुपर्नेमा सो नभएको, कतिपय मर्मतको बिलमा कार्यलायको नाम र मिति उल्लेख नभएको, कुनै वडालाई कम र कुनै बढी संचालन खर्च भुक्तानी गरेको, सम्पूर्ण खर्चको बिल भरपाई पेश गरेर सम्बन्धित वडा सचिवले सोधभर्ना मार्फत भूक्तानी दिएकोले खर्चमा पारदर्शिता तथा मितव्ययीता कायम भएको देखिएन। भुक्तानी भएको रकममध्ये अधिकाँश खाजा र खानामा खर्च भएको छ । पालिकाले वडा संचालन खर्चको लागि इन्धन, संचार, मर्मत, विविध, भ्रमण खर्च सम्बन्धि मापदण्ड बनाइ खरिदका लागि भएका खर्च रकम सोझै आपूर्तिकर्तालाई भुक्तानी गरी खर्चलाई पुष्टि गर्ने कागजात प्रमाण संलग्न गरी वडा संचालन खर्चलाई प्रभावकारी बनाउदै मितव्ययीता कायम गर्नुपर्दछ ।

८८ **बढी दरमा खरिद**

नमूना परीक्षणको रुपमा परीक्षण गरिएको स्रेस्तामा नगरपालिकाले इ जि पि मार्फत हेल्पिंग मल्टिप्रपोज प्रा लि गठाटारबाट खरिद गरेको औषधिको दरभन्दा पछि खरिद गरेका (इ जि पिबाट खरिद मिति २०८१।८।९ र सोझै खरदि मिति २०८२।३।२३,२०८२।१।४,२०८२।३।२) औषधि बढी दरमा खरिद गरेको छ।त्यस संस्थाबाट खरिद पश्चात अन्य आपूर्तिकर्तासँग इ जि पि मार्फत खरिद गरेको औषधिको दर भन्दा सोझै खरिदमा बढी दरमा खरिद गरेकोले रु. 145572.०० पालिकालाई बढी व्ययभार परेको रु.

गो भौ नं मिति	औषधिको नाम	परिमाण	इ जि पि बाट खरिद गरेको दर	सोझै खरिद गरेको दर	बढी दर	ब्यभार परेको रकम
५३-२०८२।१।११	Amoxycillin 500gm	20000	3.6	6	2.4	48000
	Vitamin B Complex Tablet	20000	1	1.5	०.५	१००००
	Hyoscine 10 Tablet	2400	4.8	13.1	8.3	19920
	Salbutamol inhaler 200mg dose	280	0.1	80	७९.९	२२३७२
	Azithromycine 500 mg	600	0.1	29	28.9	17340
	Ranitidine 150 mg	12000	1.78	2.9	1.12	13440
	Amlodipine 5mg	५०००	०.६	३.५	२.९	१४५००
	Total					145572

अनियमित भएको	१,४५,५७२

८९ **घर भाडा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४ बमोजिम घरभाडाको दर निर्धारण घरभाडा निर्धारण समितिबाट गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष घर भाडामा गत वर्षको रु.४३४६००.०० र चालु आर्थिक वर्षको रु.५८६०००.०० गरी रु.१०२०६००.०० खर्च गरेको छ। भाडामा लिएको घरको घर भाडा दरको निर्धारण समितिबाट नभएको र घर धनिको नामको बिजुलीको रकम भुक्तानी

गरेकोमा सो मिटर नराखेकोले भाडामा लिएको घरको मात्र कति विद्युत बुझाउनु पर्ने हो सो सम्बन्धमा प्रमाण संलग्न भएको देखिएन । सो मिटर जडान गरी पालिकाले प्रयोग गरेको विद्युतको महसुल मात्र बुझाउनुपर्दछ ।

९० **लागत सहभागिता**

७-२०८१।१।२६ पुर्चौंडी नगरपालिका आव २०८१।८२ को नीति कार्यक्रम फलफुलको वितरण कार्यक्रममा ७५ प्रतिशत लागत साझेदारीमा बिउ वितरण गर्ने व्यवस्था गरेको छ ।पालिकाको कृषि शाखा (कृषि अधिकृत उतम बहादुर विष्ट) ले फलफुल रु.५६२७००। खरिद गरी वितरण गर्दा ७५ पालिकाको र २५ प्रतिशत कृषकको लगानीमा लागत सहभागिता वितरण गर्दा कृषकको लागत सहभागिता रु.१४०६७५। हुनुपर्नेमा रु.११२५००। मात्र गराएकोले घटी रु.२८१७५। लागत सहभागिता वितरण गर्ने कृषि अधिकृतलाई जिम्मेवार बनाइ उक्त रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२८,१७५

९१ **शीर्षक फरक पारी खर्च**

महालेखा नियन्त्रक कार्यालयले एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ बमोजिम खर्च शिर्षक अनुसार सम्बन्धित प्रयोजनको खर्च सम्बन्धित शिर्षकबाट लेख्नुपर्ने व्यवस्था छ।नमुना परीक्षणको रुपमा परिक्षण गरिएको स्रेस्तामा पालिकाले देहायको रकम जुन शीर्षकको लागि विनियोजन भएको हो सो शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको छ।पालिकाले शीर्षक फरक पारी खर्च गरेको देखिएकोले सम्बन्धित शीर्षकमा जम्मा कति रकम खर्च भएको सो को यथार्थता सम्बन्धमा यकीन हुन नसकिएले प्रभावकारी रुपमा खर्च सम्बन्धमा विश्लेषण गर्न सकिएन।पालिकाले बजेटमा स्वीकृत शीर्षकको रकम सोही शीर्षकमा खर्च गर्नुपर्दछ ।केहि उदाहरण निम्न छन्।

गो भौ नं मिति	खर्च हुनुपर्ने शीर्षक	खर्च भएको शीर्षक	खर्च रकम
६७६-२०८२।३।२०	करार सेवा शुल्क	डोर हाजिरी कर्मचारी	५९०९८५
६८४-२०८२।३।२२	२२५२२	२२३११	५६६००
६९०	२२५२९	कार्यालय सामग्री	१७२२९९
	जम्मा		

९२ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ भने नियमावली, २०६४ को नियम ३१(१)मा रु.२० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने, ८४(१) मा रु.१० लाख रुपैंया भन्दा बढि र रु.२० लाख रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा र त्यसैगरी नियम ८५(४) अनुसार १ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ।कार्यालयले यो वर्ष मसलन्द तथा कार्यालय सामग्री रु.२६५२५९२.०० को खरिद गरेको छ।उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी खुला बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलगससाना टुक्रा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको छ।साथै पालिकाले सामग्री खरिद गर्दा प्रचलित बजार दररेट यकीन नगरी खरिद गरेको देखियो।एउटै सामान विभिन्न फर्मसँग फरक फरक दरमा खरिद गरेको देखियो । एउटै प्रकृतिको खरिदको कामलाई उपयुक्त प्याकेज बनाई बोलपत्रको माध्यमबाट मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ । केहि उदाहरण निम्न छनः

गो भौ नं मिति	भुक्तानी पाउने	रकम
११३-२०८१।७।३०	श्री मिश्रा ब्रदर्श	९, ८५ , ७८५
७३५-२०८२।३।२५	सुदन स्टेशनरी एण्ड सप्लायर्स	२, ४२ , ६६५
१०५-२०८१।७।११	समावेश ट्रेडर्स	९९२८१

९३ **जोखिम भत्ता**

एक्साभेटर तथा ब्याक हो लोडर संचालन सम्बन्धि कार्यविधि,२०७७ बमोजिम इन्धन खपत र मिटर रिडिंगको आधारमा कुल कार्यअवधिको तलब बाहेक थप जोखिम भत्ता दिने व्यवस्था गरेको छ । एक्साभेटर तथा ब्याक हो लोडर चालकलाई प्रति घण्टा रु.१५०। सहचालकलाई प्रति घण्टा रु.७५। को दरले भुक्तानी गरेकोमा निजहरुले कार्य गरेको इन्धन खपत र मिटर रिडिंगको विवरण पेश भएन।यसले देहायको चालक र सहचालकलाई भुक्तानी भएको रकम रु.४४८१६२.००सम्बन्धमा यकीन हुन सकिएन । साथै उक्त मेशिनरी साधनबाट भएको कामको लागत अनुमान, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन, भत्ता भुक्तानी हुने इन्धन खपत र मिटर रिडिंगको विवरण पेश गर्नुपर्ने रु.

गो भौ नं मिति	चालक	कार्य घण्टा	दर	कर बाहेकको रकम
१२१-२०८१।७।१३	एक्साभेटर चालक राजेन्द्र बहादुर धानुक	८५०	१५०	१०८३७५
	एक्साभेटर चालक	८५०	१५०	१०८३७५
	ब्याकहो लोडर चालक गंगा बहादुर धानुक	१२१०	१५०	१५४२७५
	ब्याकहो लोडर सह चालक	१२१०	७५	७७१३७
	जम्मा			४४८१६२

प्रमाण पेश नगरेको	४,४८,१६२

९४ **कर्मचारी भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.७६१०००। प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

९५ **सोझै खरिद**

७३५-२०८२।३।२५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ भने नियमावली, २०६४ को नियम ८५(४) अनुसार १ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ।कार्यालयले यो वर्ष मसलन्द तथा कार्यालय सामग्री सुदन स्टेशनरी एण्ड सप्लायर्सबाट पटक पटक गरी रु.२४२६६५.००को खरिद गरेको छ । नियमावली बमोजिम ३ वटा आपूर्तिकर्तासँग दरभाउ पत्र नमागी गरेको खरिद कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,४२,६६५

९६ **लागत अनुमान तयारी**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम रु.१ लाख भन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्छ।कार्यालयले विभिन्न कार्य गर्दा खरिद कार्यको लागत अनुमान तयारी गर्दा बजारबाट ३ वटा फर्मसँग दररेट मागि निर्धारण गरेकोमा बजार दररेट विश्लेषण नगरेको, सामान खरिद गर्दा एउटा आइटमको दररेट मागि खरिद गरेको र आवश्यक परिमाण राखि दररेट

नमागेको, लागत अनुमान तयार गर्दा सबभन्दा कम दरलाई आधार नमानि औषत निकाली न्यूनतम दररेट भन्दा बढी दर निर्धारण गरि लागत अनुमान तयार गरी खरिद कार्य गरेको छ।यसले खरिद कार्यमा बढीको लागत अनुमान तयार भई कार्यालयलाई बढी व्यभार परेको छ।लागत अनुमान तयार गर्दा लागत अनुमानको माग गरेको दररेटमा प्रत्येक आइटमको पेश भएको कम दरलाई आधार लिइ लागत अनुमान तयार गर्नुपर्दछ ।

९७ **भान्से सुविधा**

सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग सम्बन्धित अनुसूची-१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ। पालिकाले नगर प्रमुख दिपक बहादुर बम र उप-प्रमुख मिना धानुकको निवासमा भान्सेका रुपमा काम गरेको भनी खडक सिंह गडाल बोहरा र जनक बहादुर धामीलाई वर्षभरीमा क्रमशः रु.२१७८००.०० र रू.२१६८९४.०० भुक्तानी गरेको देखिन्छ । पालिकाका पदाधिकारीलाई भान्से वापत सुविधा दिने व्यवस्था ऐनमा देखिदैंन। यो विषय गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएको हुँदा नियन्त्रण भएको नदेखिएकोले भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,३४,६९४

९८ **निजी श्रोत शिक्षक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका विद्यालयमा निजी श्रोतको शिक्षक र पालिकाबाट थप बालविकास कर्मचारीको लागि प्राविप५० जना, निमावि २१ जना, मावि १० जना र बालविकास ६६ जना गरी जम्मा १४७ शिक्षक र बालविकास सहजकर्तालाई रु. ३,३१,१२,८७२.७०.०० तलब भत्ता भुक्तानी गरेको पाईयो।निजी शिक्षक कति जना कुन विद्यालयमा राख्ने, निजी शिक्षकसँग करार संझौता नरहेकोले, कुन शिक्षकलाई कुन अवधिसम्मको पारीश्रमिक भुक्तानी हुनुपर्ने विषय यकीन नभएको र नियुक्त भएका निजी शिक्षकहरुमध्ये कुन कुनलाई हटाइएको वा राजिनामा दिएको विवरण पेश नभएकोले भुक्तानी भएको निजी शिक्षकको पारीश्रमिक रकम सम्बन्धमा आश्वस्त हुन सकिएन। पालकिले स्वीकृत दरबन्दीभित्रको शिक्षकको लागि मात्र पारीश्रमिक खर्च लेख्नुपर्दछ ।

९९ **भत्ता**

नेपाल स्वास्थ्य सेवा नियमावली,२०५५ को नियम ५६ बमोजिम ४० घण्टा भन्दा बढी काम गर्नुपर्ने कर्मचारीहरुले बढी समय काम गरे वापत अतिरिक्त सेवा बिदा पाउने र उपनियम २ बमोजिम पालो मिलाई अतिरिक्त सेवा विदा लिन नपाए जति अवधिको तलब बराबरको भुक्तानी हुने र अतिरिक्त सेवा विदाको अभिलेख सम्बन्धि कार्यालय प्रमुखले अद्यावधिक गर्नुपर्ने व्यवस्था छ ।यस्तै अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को परिच्छेद ७ को ७.१.४ बमोजिम अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित हुनुपर्ने र विद्युतीय हाजिर प्रणाली अनिवार्य भएको अवस्थामा मात्र अतिरिक्त समयको भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अतिरिक्त समय काम गरे वापत रु.३,१८,०००.०० भत्ता भुक्तानी गरेको छ।सो भुक्तानी गर्दा कर्मचारीहरु उल्लेखित ४० घण्टा भन्दा बढी काम गरेको समय अवधि सहितको अभिलेख पेश नभएको, विदाको अभिलेख कार्यालय प्रमुखले नराखेको, लेखाउत्तरदायी अधिकृतबाट काम प्रमाणित नभएको र लेखापरीक्षणको क्रममा विद्युतीय हाजिर प्रणालीबाट अतिरिक्त समय कार्य गरेको विवरण माग गरेकोमा कार्यालयले पेश गरेन।विद्युतीय हाजिरीको आधारमा भुक्तानी भएको नदेखिएको, विदाको अभिलेख नरहेको र अतिरिक्त समय काम गरेको एकिकृत अभिलेख कार्यालयले नराखेकोले भुक्तानी भएको रकम सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,१८,०००

१०० **खेलकुद**

स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ।नमूना परीक्षण गरिएको स्रेस्तामा पालिकाले

खेलकुदको संचालनको लागि भुक्तानी गरेकोमा सोमा भएको खर्च विविध खर्चको पुष्टियाई, खरिद भएको सामग्रीहरु बुझाएको भरपाई वा पालिकामा फिर्ता भएको प्रमाण, खेलाडीहरु छनौट तथा सहभागी गराउने निर्णय, खेलाडीहरुको वासस्थान र खाना खर्च व्यहोर्ने निर्णय, पालिकाबाट संचालन भएको खेलकुदमा पुरस्कार प्रदान गर्ने आधार तथा मुल्याँकन कर्ताको निर्णय, व्यवस्थापन भत्ता, रेफ्रि भत्ता र यातायात खर्चको आधार सहितको प्रमाण कागजात पेश भएको देखिएन ।साथै खरिद भएका खर्च नभएर नजाने सामग्री पालिकामा फिर्ता भएको नदेखिएन।यसमा एम्पायर लगायत अन्य शीर्षकमा रकम भुक्तानी गरेकोमा सो कुन नर्म्सको आधारमा भुक्तानी गरेको सो को प्रमाण समेत पेश भएन ।उक्त खर्चहरुलाई पुष्टि गर्ने प्रमाण कागजात पेश गर्नुपर्दछ ।

गो भौ नं मिति	प्रतियोगित	भुक्तानी पाउने	खर्च विवरण	रकम
२५-२०८१।१२।१९	रनिङ शिल्ड	६ जना	खाना, खाजा, कोठा भाडा. भत्ता, सामाग्री खरिद	११७७३९०
५६-२०८२।३।२४	राष्ट्रपति रनिङ शिल्ड	१० जना	खाना, खाजा, कोठा भाडा. भत्ता, सामाग्री खरिद	२०२४६२०
	जम्मा			३२०२०१०

१०१ पारिश्रमिक कर

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **११,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०२ कम कर कट्टी

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०३ खर्च पुष्टयाईको प्रमाण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ।पालिकाले देहायको रकम भुक्तानी गरेकोमा खर्च पुष्टि गर्ने बिल भरपाई स्रेस्तासाग संलग्न रहेको देखिएन ।नियमावलीमा भएको व्यवस्था अनुसार रु.५४०५४७४। को बिल भरपाई तथा प्रमाण कागजात पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

गो भौ नं	विवरण	प्रयोजन	भुक्तानी रकम	कैफियत
३-२०८१।९।२०	निको किसान एग्रो कन्सर्न बोराडाँडी कैलाली	विषादी	४६१६००	वितरण भरपाई पेश गर्नुपर्ने
४-२०८१।९।२१	निको किसान एग्रो कन्सर्न बोराडाँडी कैलाली	मिनिकिट	४९९०००	वितरण भरपाई पेश गर्नुपर्ने
९-१।२६	निको किसान एग्रो कन्सर्न बोराडाँडी कैलाली	मिनिकिट	४८०२५०	वितरण भरपाई पेश गर्नुपर्ने
६८६-३।२३		मिनिकिट	७४९६०	वितरण भरपाई पेश गर्नुपर्ने
१२-२०८१।८।६	सहायक पाचौं अनिल बहादुर बोहरा	गाडी भाडा	४५०००	धनगढी देखि पालिकासम्म उक्त रकम भुक्तानी हुने आधार पेश गर्नुपर्ने
२१-२०८१।९।५ (पालिका चालु स्वास्थ्य)	ज स्व नि दिपेन्द्र ब धामी	एक सरे रुम सेटअप	८९८७०	लागत अनुमान, नापि किताब र कार्यसम्पन पेश गर्नुपर्ने
७७-२०८२।३।१९ (पालिका चालु स्वास्थ्य)	ज स्वा नि सुरेन्द्र प्रसाद अवस्थी	गाडी भाडा	६००००	पालिकाक्षेत्रभित्र दैनिक रु.७८००। गाडी भाडा भुक्तानी हुने आधार पेश गर्नुपर्ने
५८-६।१८	स्टोर अनिल ब बोहरा	सडक मर्मत र सरसफाई कार्य	५६००००	इन्धन खपतको नापिक किताब र लगबुक बिल पेश गर्नुपर्ने
९२-२०८१।७।८	वडा सचिव देवी कुमारी वि क		७००००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
१०१-७।८	खरिदर उतम ब विष्ट	महिला स्वयमसेविका भत्ता	५६०००	सम्बन्धितलाई बुझाएको भरपाई पेश गर्नुपर्ने
२५४-२०८१।९।१७	SWETA TRADING CONCERN	मर्मत	५९९००	सक्कल बिल पेश गर्नुपर्ने
२६२-९।१८	SULAV ENGINEERING AND WORKSHOP	मर्मत	३१०७५	सक्कल बिल पेश गर्नुपर्ने
३५८-२०८१।११।४	सहायक पाचौं अनिल बहादुर बोहरा	सुरक्षाकर्मि भत्ता	१३०००	बुझाएको भरपाई पेश गर्नुपर्ने
४५७-१२।२२	वडा सचिव उत्तम ब विष्ट	गेम ड्रेस	१३०००	२० थान वितरण भरपाई पेश गर्नुपर्ने
		खेलकुद सामग्री	५०५५६	२० थान वितरण भरपाई पेश गर्नुपर्ने
४६१-१२।२२	JAGADAMBA CONSTRUCTION SOLUTION PVT	ब्याकहो लोडर मर्मत	४७११८९	सक्कल बिल पेश गर्नुपर्ने
५२२-१।१५	वडा सचिव डम्बर दत्त भट्ट	भ्रमण खर्च	४२७५०	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
५२७-१।१५	वडा सचिव देवी कुमारी वि क	भ्रमण खर्च	७३३००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
५४४-१।१७	B.E.C CONSTRUCTION PVT. LTD.	मर्मत	१४६२८२	लागत अनुमान, नापि किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने
५६३-२।२२	भटना नगर स्वास्थ्य चौकी बैतडी	कोठा पाटेसन	५४५००	लागत अनुमान, नापि किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने

५८८-३।३	नगर प्रवक्ता धिरेन्द्र बहादुर बम	हवाइजहाज भाडा	१५८००	बोर्डिंग पास पेश गर्नुपर्ने
५९९-३।५	निको आयुर्वेद मेडिकल	आयुर्वेदिक औषधि	३९९५९०	खर्च र मौज्दातको विवरण पेश गर्नुपर्ने
६००-३।६	नगर प्रमुख दिपक बहादुर बम	हवाइजहाज भाडा	१५८००	बोर्डिंग पास पेश गर्नुपर्ने
६८३-३।२१	वडा नं ३	भेटेनरी औषधि	७५०००	खर्च र मौज्दातको विवरण पेश गर्नुपर्ने
६९७-२०८२।३।२४	वडा सचिव धर्मराज चौधरी	भ्रमण खर्च	९५०००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
६९८-२०८२।३।२४	वडा सचिव डम्बर दत्त भट्ट	भ्रमण खर्च	११९०००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
६९९-२०८२।३।२४	वडा सचिव परमानन्द पन्त	भ्रमण खर्च	१२१०००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
७००-२०८२।३।२४	वडा सचिव राम बहादुर बोहरा	भ्रमण खर्च	१६६२००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
		भ्रमण खर्च	१६७५०	सक्कल बिल पेश गर्नुपर्ने
७०३-२०८२।३।२४	ना प्र से प्रा लोकेन्द्र ब धामी	औषधि खरिद	७२०००	खर्च र मौज्दातको विवरण पेश गर्नुपर्ने
७०४-२०८२।३।२४	वडा सचिव रतन सिंह धामी	भ्रमण खर्च	१९००००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
७१४-२०८२।३।२५	वडा सचिव करण बहादुर विष्ट	भ्रमण खर्च	१३३९००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
७१६-२०८२।३।२५	वडा सचिव धर्मराज अवस्थी	भ्रमण खर्च	१६५०००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
७१८-२०८२।३।२५	वडा सचिव नर सिंह साउद	भ्रमण खर्च	११०८००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
७२१-३।२५	वडा नं ७ वडा सचिव गणेश दत्त जोशी	भ्रमण खर्च	१९९५००	अन्य कर्मचारी तथा पदाधिकारिलाई भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने
७२२-२०८२।३।२५	अमिन रजनिश यादव	इन्धन	७९०२	इन्धनको बिलमा मिति र कार्यालयको नाम उल्लेख नभएको
७६१-२०८२।३।२५	पुष्प प्रिन्टर्स एण्ड स्टेशनरी उद्योग प्रा लि	प्रिन्टिङ तथा छपाई सामग्री	१५००००	सक्कल बिल पेश गर्नुपर्ने
	जम्मा		५४०५४७४	

प्रमाण पेश नगरेको	५४,०५,४७४

१०४ सोझै खरिद

३८६-२०८१।११।७ सार्वजनिक खरिद ऐन, २०६४ को नियम ८५(४) अनुसार १ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाडी

भाडा सेवा खरिद वापत सुनिल बोहरा बाट रु.१३००००.०० को सेवा खरिद कार्य गरेकोमा ३ वटा आपूर्तिकर्ताबाट दरभाउपत्र माग नगरी सोझै उक्त व्यक्तिबाट खरिद गरेको छ ।खरिद नियमावली प्रक्रिया नअपनाइ गरेको खरिद कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,३०,०००

१०५ **बालविकास कर्मचारीको दरबन्दी**

नगरपालिकाको विद्यालयको बालविकासको दरबन्दी अनुसारको कर्मचारीलाई तलब भत्ता भुक्तानी हुनुपर्दछ । पालिकाको कुन विद्यालयमा कति जनाको बालविकासको दरबन्दी हो सो सम्बन्धमा प्रमाण पेश नगरेकोले भुक्तानी हुनुपर्ने रकम सम्बन्धमा यकीन हुन सकिएन ।पालिकाले दरबन्दीअनुसारको बालविकास र विद्यालय कर्मचारीको तलब निकासा गर्नुपर्दछ ।

१०६ **अनुत्पादक खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।कार्यालयले प्रशासकीय भवन उदघाटनको लागि सहायक पाचौंलाई रु. ७१७६५०.००तिज विशेष कार्यक्रम वापत रु.१३५०००.००भुक्तानी गरेको छ।यस अन्तर्गत भएका स्वयमसेवक भत्ता, सहजकर्ता भत्ता, सुरक्षाकर्मि भत्ता भुक्तानी गरेको रकम आधार पेश भएन।साथै खर्च भएका खाना खाजा खर्चको पुष्टि गर्ने कागजात प्रमाण स्रेस्तामा संलग्न भएको देखिएन।यस्तो अनुत्पादक, प्रतिफल बिहिन खर्चमा नियन्त्रण गरी मितव्ययितातर्फ ध्यान दिनुपर्दछ।

१०७ **कम कर कट्टी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **११,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०८ **गाडी भाडा**

भ्रमण खर्च नियमावली,२०६४ बमोजिम भ्रमण खर्च किफायती हुनुपर्दछ ।पालिकाले कर्मचारीलाई पालिकाबाट धनगढीको लागि गाडी भाडा वापत प्रचलित दररेटअनुसार भुक्तानी नगरी बढी गाडी भाडा भुक्तानी गरेको छ। नमूना परीक्षणको रुपमा परीक्षण गरिएका श्रेस्तामा यातायात व्यवस्था कार्यालयअनुसार बैतडी देखि धनगढीको गाडी भाडा रु.७८९। तोकेको र पुर्चौडी नगरपालिकाबाट बैतडीको प्रचलित भाडा दर रु.५००। गरी जम्मा पुर्चौडी नगरपालिकाबाट धनगढीको गाडी भाडा रु.१२८९। रहेकोमा अपडाउनको रु.२५७८। हुनुपर्दछ । नमूना परीक्षणको रुपमा परीक्षण गरिएका श्रेस्ता मध्ये गो भौ नं र मिति ५२-२०८१।६।१७, ११५-2081।७। १२ र सरुवा भ्रमण खर्चमा रु.30703। भुक्तानी हुनुपर्नेमा रु.११६०००। भुक्तानी भएको छ । तोकिएको दर भन्दा रु.८५२९७। बढी भुक्तानी भएको देखियो । पालिकामा १ वटा मात्र चारपांग्रे सवारी साधन रहेको, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायतका पदाधिकारी तथा कर्मचारी धनगढी जाँदा गाडी प्रयोग गर्नुपर्ने बाध्यता रहेकोले आगामी दिनमा यस्तो कार्यमा सुधार गरिने कार्यालयको भनाई रहेको छ । अतः पालिकाले आगामी दिनमा यस्तो कार्यमा नियन्त्रण गरी भ्रमण खर्च तथा गाडी भाडामा मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०९ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।पालिकाले नमूना परीक्षणको क्रममा परीक्षण गरिएका स्रेस्तामा अनुदानको कार्यमा रु.२९७०९६८। खर्च

लेखेको छ।पालिकाबाट दिएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन।अनुदान पाउने लाभग्राही के कसरी छनौट भएको हो सो को विवरण र गत विगतमा अनुदान पाएको कृषकले नै यस आर्थिक वर्षमा पनि अनुदान पाएको हो होइन सम्बन्धमा विवरण पेश नभएकोले सुनिश्चित गर्न सकिएन।अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन।साथै एउटै सिल्पोलिन प्लाष्टिक वितरण कार्य पालिकाले र वडाको बजेटबाट समेत भएको देखिएकोले दोहोरो भुक्तानी सम्बन्धमा थप विश्लेषण गरी दोहोरो वितरण सम्बन्धमा परीक्षण हुनुपर्दछ।अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

११० कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ।सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यो वर्ष पालिकावाट विभिन किसान/फर्मको लागि रु.२९७०९६८.०० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

क्र सं	अनुदानको किसिम	परिमाण	संख्या	खर्च रकम
१	विषादी	११		४६१६००
२	मिनिकिट	८		४९९०००
३	मिनिकिट	७ किसिम		४८०२५०
४	मिनिकिट	११ किसिम		७४९६०
५	फलफुल	२१६८		५६२७००
६	पोलिहाउस	५१		८९२४५८

१११ ७७-२०८२।३।१९ जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ ।नमूना परीक्षण गरिएको रुपमा परीक्षण गरिएको स्रेस्तामा सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वर्ष यस पालिकाबाट ७०८ जनाको लागि रु.२४९२५०। खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम खुल्ने विवरण सम्वन्धित अस्पतालबाट प्राप्त गरी लक्षित वर्गले उक्त अनुदान वा सहायता पाए नपाएको बारेमा अनुगमन र विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

११२ **कार्यक्रम फरक**

११-२०८१।९।१६(नपा चालु शिक्षा) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस्तै जुन कार्यक्रमलाई बजेट सभाबाट स्वीकृत भएको सोही कार्ययक्रममा बजेट खर्च गर्नुपर्दछ । पालिकाले नगरपालिका

चालु शिक्षाबाट स्वीकृत नभएको देउडा कार्यक्रम वापत सहायक पाचौं अनिल बहादुर बोहरालाई रु.४३५५००। भुक्तानी गरेको छ । स्वीकृत कार्यक्रम नपरेको तर खर्च भएको रकम नियमसम्म नदेखिएको रु.

अनियमित भएको	४,३५,५००

११३ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ भने नियमावली, २०६४ को ८४(१) मा रु.१० लाख रुपैंया भन्दा बढि र रु.२० लाख रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा सिलबन्दी दरभाउपत्रको माध्यमद्बारा खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले एउटै फर्मसँग पटक पटक गरी ३ वटा आपूर्तिकर्तासँग दरभाउपत्र मागि खरिद रु.१५१५८१०.०० बिउ र विषादी खरिद गरेको छ । खरिद नियमावली बमोजिम खरिद नभइ भुक्तानी भएको खर्च नियमसम्मत नदेखिएको रु.

गो भौ.नं र मिति	फर्मको नाम	प्रयोजन	लागत अनुमान	रकम
३-२०८१।९।२०	निको किसान एग्रो कन्सर्न बोराडाँडी कैलाली	विषादी	४८७७७५	४६१६००
४-२०८१।९।२१	निको किसान एग्रो कन्सर्न बोराडाँडी कैलाली	मिनिकिट	४९९८००	४९९०००
९-२०८२।१।२६	निको किसान एग्रो कन्सर्न बोराडाँडी कैलाली	मिनिकिट	४९८५२५	४८०२५०
६८६-२०८२।३।२३		मिनिकिट		७४९६०
	जम्मा			१५१५८१०

अनियमित भएको	१५,१५,८१०

११४ कार्यालय सामान खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को ८४(१) मा रु.१० लाख रुपैंया भन्दा बढि र रु.२० लाख रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा सिलबन्दी दरभाउपत्रको माध्यमद्बारा खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामग्री खरिद गर्न रु.१००६२३२। को लागत अनुमान तयार भएकोमा सिलबन्दी दरभाउ पत्रको माध्यमाबट खरिद गर्नुपर्ने ३ वटा आपूर्तिकर्तासँग दरभाउपत्र माग गरी रु.९,८५,७८५.०० को खरिद कार्य गरेको छ । खरिद नियमावली बमोजिम खरिद नभइ भुक्तानी भएको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	९,८५,७८५

११५ रितपूर्वकको कर बिजक

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **५७,०१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

११६ परामर्स तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

गो भौ नं मिति	कार्य विवरण	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
३९४-२०८१।११।१८	DPR of dhanakpur bhurusha surnaya sadak	आइरिस इन्जिनियरिङ्ग कन्सल्ट प्रा लि कैलाली	४९५५६७	२३७४१७५७७.०४
५४०-२०८२।१।१७	DPR of kheti ma bi school building ward no 9	अछाम इन्जिनियरिङ कन्सल्टेन्ट एण्ड ईन्स्टिच्युट प्रा लि	४९८१०४	५२१६४७१४.६
	जम्मा		९९३६७१	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। साथै तयार भएका प्रतिवेदन जिन्सी दाखिला नगरेकोले पाम्समा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने (रु.८१८७०। अन्य दफामा कायम भएकोले यस दफामा रु.९११८०१। मात्र कायम गरिएको) रु.

प्रमाण पेश नगरेको	९,११,८०१

११७ **प्रतिवेदन तयारी**

सार्वजनिक खरिद ऐन,२०६४ को दफा २९ सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने मात्र प्रतिवेदन र कार्यविधि लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने र नियमावलीको नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने, नियम ७२ मा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै माग गरी प्राविधिक तथा आर्थिक मुल्याङ्कनको आधारमा प्रस्ताव स्वीकृत गरी परामर्श सेवा लिन सकिने व्यवस्था छ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन र आन्तरिक नियन्त्रण प्रणाली तयारीमा क्रमशः रु.४९७२००.०० र रु.४९६५२२.०० गरी जम्मा रु.९९३७२२.०० खर्च गरेको छ।नगरपालिकामा उपलव्ध जनशक्तिले लागत अनुमान तयार गरी कार्यान्वयन गर्न सक्ने प्रतिवेदन समेत परामर्श दाताबाट परियोजना प्रतिवेदन तयार गरी पालिकालाई थप आर्थिक भार पारेको पाईयो। तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सूदुपश्चिम प्रदेश मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट स्वीकृत हुनुपर्नेमा नभएको र आन्तरिक नियन्त्रण प्रणाली प्रतिवेदन कार्यपालिकामा पेश गरी सभाबाट स्वीकृत गराइ कार्यान्वय गर्नुपर्नेमा सो गरेको देखिएन । तयार भएको आन्तरिक नियन्त्रण प्रणाली प्रतिवेदन जिन्सी दाखिला गर्नुपर्ने र प्रतिवेदनहरु कार्यान्वयनमा गएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,९६,५२२

११८ **कम दिन कार्य**

सार्वजनिक खरिद नियमावली२०६४ को नियम १२ उपनियम (२) (३) र (४) अनुसार परामर्श सेवाको लागत तयार गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले देहायको परामर्श सेवाको लागि लागत अनुमान तयार गर्दा काम गर्न लाग्ने वास्तविक अवधिको आधारमा तयार गरी सोहि अवधिको लागि विज्ञको पारिश्रमिक भुक्तानी गर्नुपर्दछ।परामर्श सेवा सम्बन्धि निम्नानुसार भुक्तानीमा विज्ञ व्यक्तिले उल्लेखित कार्य अवधि भन्दा घटी समय कार्य गरेको अवस्थामा समेत संझौता बमोजिम कार्य गरेको रकम भुक्तानी भएकाले विशेषज्ञ परामर्शदातालाई बढी भुक्तानी भएको रकम सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

गो भौ नं मिति	परामर्श सेवा	परामर्शदाता	अवधि	विशेषज्ञ पद	काम हुनुपर्ने अवधि	काम गरेको अवधि	बढी दिनको भुक्तानी	दर	रकम (मू अ कर समेत)
५४०-२०८२।१।१७	DPR of kheti ma bi school building ward no 9	अछाम इन्जिनियरिङ कन्सल्टेन्ट एण्ड ईन्स्टिच्युट प्रा लि	कार्यदेश २०८१।११।८ कार्यसम्पन्न २०८१।१२।१	Team Leader	३०	२४	६	४१४३	२४८५८
	जम्मा								२४८५८

प्रमाण पेश नगरेको	२४,८५८

११९ **महिला स्वयमसेविकालाई प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले महिला स्वयमसेविकालाई वर्षभरीमा रु.१४८२०००.००प्रतिवेदन दिए वापत प्रोत्साहन भत्ता वापत रकम भुक्तानी गरेको छ।साथै प्रतिवेदन वापत प्रोत्साहन भत्ता भुक्तानी गरेकोमा उक्त प्रतिवेदनमा पालिकामा पेश भएको देखिएन।महिला स्वयमसेविकाले प्रोत्साहन भत्ता सुविधा पाउने कानूनी व्यवस्था नरहेकोले कानूनी व्यवस्था गरी यस्तो सुविधा प्रदान गर्नुपर्दछ ।

१२० **कम कर कट्टी भएकोः**

आयकर ऐन, २०५८ दफा ८७,८८ र ८९ अनुसार सामान भाडामा १०, अग्रिम करमा १.५ प्रतिशत, र सेवा शुल्कमा १५ प्रतिशत कर लाग्ने व्यवस्था छ । नमूना परीक्षणको क्रममा परिक्षण गरिएका श्रेस्तामा पालिकाले देहायको विभिन्न शीर्षकमा कर कट्टी गरी दाखिला गरेको देखिएन । पालिकाले निम्न भुक्तानीमा नियमानुसार हुने कर कट्टी रकम कट्टी गरेको देखिएन ।बाँकी सम्बन्धमा तहाँ कार्यालयबाट यकीन हुनुपर्दछ । कम कर कट्टी तथा कट्टी नभएको रकम रु.१,६४,१७७ सम्बन्धितबाट असुल गरी आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने रु.

गो भौ नं मिति	भुक्तानी पाउने	कर लाग्ने रकम	कर कट्टी हुनुपर्ने	कर कट्टी भएको	कम
८८-७।८	रेडियो सेभेन स्टार ९९.२ मेघाहर्ज बैतडी	१५००००	२२५००	२२५०	२०२५०
१२१-२०८१।७।१३	एक्साभेटर चालक राजेन्द्र बहादुर धानुक	१२७५००	१९१२५	१२७५	१७८५०
	एक्साभेटर चालक	१२७५००	१९१२५	१२७५	१७८५०
	ब्याकहो लोडर चालक गंगा बहादुर धानुक	१८१५००	२७२२५	१८१५	२५४१०
	ब्याकहो लोडर सह चालक	९०७५०	१३६१२	९०७	१२७०५
३५८-११।४	सहायक पाचौं अनिल बहादुर बोहरा		४३५२२	११०६०	३२४६२
३५०-२०८१।१०।२६	सहायक पाचौं अनिल बहादुर बोहरा	२३०००	३४५०	०	३४५०
३५१-२०८१।१०।२६	सहायक पाचौं अनिल बहादुर बोहरा	७८०००	११७००	०	११७००
३९१-२०८१।११।११	सहायक पाचौं अनिल बहादुर बोहरा	२१०००	३१५०	०	३१५०
४४३-२०८१।१२।१६	सहायक पाचौं अनिल बहादुर बोहरा	२२०००	३३००	०	३३००
६०८-२०८२।३।८	सहायक पाचौं अनिल बहादुर बोहरा	२३०००	३४५०	०	३४५०
६०८-२०८२।३।९	सहायक पाचौं अनिल बहादुर बोहरा	३००००	४५००	०	४५००
७५२-२०८२।३।२५	सहायक पाचौं अनिल बहादुर बोहरा	५४०००	८१००	०	८१००
	जम्मा				१,६४,१७७

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,६४,१७७

१२१ **नियम विपरित निकासा**

नियम विपरित निकासाः कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान आधारभुत तह र माध्यमिक विद्यालयलाई निकासा दिने व्यवस्था छ। पालिकाले देहायका ६ वटा बालबिकास केन्द्रलाई रु १०००० का दरले प्रति बालबिकास केन्द्र निकासा दिएको देखिन्छ। कार्यान्वयन पुस्तिका विपरित निकासा भएको रकम सम्वन्धमा निकासा पाउने प्रमाण पेश गर्नुपर्ने अन्यथा देहायका बालबिकास केन्द्रवाट असुल गरी संघीय संचितकोषमा दाखिलाको प्रमाण पेश हुनुपर्ने रु

क्रस	बालबिकास केन्द्रको नाम	निकासा रु
१	गोफा बालबिकास केन्द्र, सतगाउ	१००००
२	ज्ञानवाटिका बालबिकास केन्द्र, खरक	१००००
३	कमल बालबिकास केन्द्र, गाईया	१००००
४	मनकामना बालबिकास केन्द्र	१००००
५	नवज्योती बालबिकास केन्द्र, मनकाली	१००००
६	लटिनाथ बालबिकास केन्द्र, कोपीखेत	१००००
	जम्मा	६००००

प्रमाण पेश नगरेको	६०,०००

१२२ इन्टरनेट व्यवस्थापन अनुदानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा विद्यालयले सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्न सबै सामुदायिक विद्यालयमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनले आधारभूत तह (कक्षा १-५ सम्म) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रू.१२ हजार, आधारभूत तह आधारभूत तह (कक्षा १-८ सम्म) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रू.१५ हजार, र माध्यमिक तह (कक्षा १-१० र १-१२) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रू. २० हजारका दरले अनुदान उपलब्ध गराउने साथै विद्यालयले नेट संचालन भए नभएको अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। पालिकाले ७४ वटा विद्यालयलाई इन्टरनेट व्यवस्थापन वापत रु १०४०००० दिएको देखिन्छ। तर सो सम्बन्धमा अनुगमन प्रतिवेदन पेश नभएकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था नदेखिएकोले विद्यालयमा अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ।

१२३ IEMIS अद्यावधिक - शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/०८२ मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ती, निःशुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यपन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा निकासा दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक गरेको देखिएन। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरिएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१२४ **बाख्रा विकास कार्यक्रम**

सशर्त अनुदान अन्तर्गत पालिकाले बाख्रा विकास सम्वन्धी देहायका कार्यक्रम सञ्चालन गरी रु १४५३२०४ खर्च लेखेको देखिन्छ। पालिकाबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।

गोभौनं	कार्यक्रमको नाम	वितरीत सामाग्री	पाउने व्यक्ति, समुह/फर्म	रकम
३०२	नँया बाख्रा पकेट विकास कार्यक्रम	७५ वटा गोठसुधार, २ गोटा बयर बोका खरिद र शिविर सञ्चालन	बाख्रा पकेट सञ्चालन समन्वयन समिति	१०२५०४७
१९६	बाख्रा स्रोत केन्द्र कार्यक्रम	बयर बोका र बाख्रा १/१ गोटा र गोठसुधार निर्माण कार्य	भुवनैश्वरी बहुउदेशिय कृषि तथा पशुपन्छि फर्म	८८२९७
२२२	बाख्रा स्रोत केन्द्र कार्यक्रम	गोठसुधार निर्माण कार्य	प्रसान्त कुखुरा बाख्रा माछा तथा तरकारी बहुउदेशिय फर्म	८९७००
२२३	बाख्रा स्रोत केन्द्र कार्यक्रम	गोठसुधार निर्माण कार्य	न्वादेउ कषाद कृषि तथा पशुपन्छि फर्म	८९०७५
२५६	बाख्रा स्रोत केन्द्र कार्यक्रम	गोठसुधार निर्माण कार्य	न्वादेउ कृषि तथा पशुपन्छि फर्म	८६८९७
३०१	बाख्रा स्रोत केन्द्र कार्यक्रम	गोठसुधार निर्माण कार्य र बयर बोका खरिद	आर एण्ड एस बहुउदेशिय कृषि तथा पशुपन्छि फर्म	७४१८८
	जम्मा			१४५३२०४

वितरित रकमको तोकिए अनुसार कामका लागि उच्चतम सदुपयोग भएको हुनुपर्ने र अनुदानग्राहीले विगत वर्षहरुमा पनि सोही वा अन्य कुनै कार्यक्रमका लागि संघ, प्रदेश र स्थानीय तहबाट तथा अन्य निकायबाट समेत अनुदान लिए नलिएको एकिन हुनुपर्नेमा सोको विवरण समेत पालिकाले अद्यावधिक राखेको पाइएन । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा नियमित अनुगमन तथा फलोअप र सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै पालिकाले अनुदान रकम वितरणको विवरण सार्वजनिक गरेको छैन र अनुदान सम्बन्धमा स्थानीय अनुदान निति तय गरेका छैन । तसर्थ, अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१२५ **लघु, घरेलु तथा साना उधोग प्रवर्द्धन कार्यक्रम**

१२५.१ स्थानीय तहमार्फत लघु, घरेलु तथा साना उधोग प्रवर्द्धन तथा प्रविधि सहयोग कार्यक्र सञ्चालन कार्यविधि, २०८१ मा उल्लेखित कार्यक्रममा प्रशिक्षार्थी छनौट तथा तालिम सञ्चालन सम्वान्धी छनौट भएका प्रशिक्षार्थीलाई दुई महिना (५२ कार्यदिन) को तालिम दिनुपर्ने छ।पालिकाले देहायका ६ वटा कार्यक्रम सञ्चालन वापत अनिल बहादुर बोहरालाई रु ५२१६३३० भुक्तानी गरेको देखिन्छ। पालिकाले देहाका ६ वटा कार्यक्रममा ५२ दिन तालिम सञ्चालन गरेको देखिएन। साथै सबै कार्यक्रमम प्रशिक्षार्थीहरुले तालिम लिईरहेको तथा सिप सिकिरहेको फोटो देखिएन मात्र उदघाटन समापनको फोटो पेश भएको देखिन्छ र अनुगमन वापत खर्च गरेको तर अनुगमन प्रतिवेदन नरहेको देखिन्छ।कार्यक्रममा उत्पादन भएको सामाग्री सम्वन्धी प्रमाण पेश नभएको देखिन्छ।कार्यपालिकाको निर्णय अनुसारको बजेट खर्च गरे पनि कार्यविधिले तोकिए जति दिनको तालिम सञ्चालन नभएकोले प्रशिक्षार्थीहरुले सिप सिकिरहेको फोटो, अनुगमन प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।

क्रस	कार्यक्रमको नाम	खर्च रकम	तालिम सञ्चालन दिन
१	सोडा तथा साबुन उत्पादन सम्वन्धी सीप विकास तालिम वडा नं.१ र वडा नं.७	११९७९००	२२
२	सिलाई कटाई सीप विकास तालिम, वडा नं.४ र वडा नं.५.	९९८०००	४५
३	तरकारी खेति तथा तयारी खाना सीप विकास तालिम, वडा नं.६,	६३७६००	२०
४	सीन्के धुप सीप विकास तालिम वडा नं. ८,	४९९७६०	२०
५	हाउस वाईरिङ्ग सम्वन्धी सीपविकास तालिम वडा नं.०९ र वडा नं.१०	१२४५४७०	३५
६	ईन्टरलक बिक्र उत्पादन सीप विकास तलिम	६३७६००	२०
		५२१६३३०	

१२५.२ कर कट्टीः आयकर ऐन २०५८ बमोजिम भत्तामा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका ६ वटा कार्यक्रमा प्रशिक्षकलाई प्रशिक्षक भत्ता भुक्तानी गरेकोमा १ प्रतिशत मात्र सा सु कर कट्टी गरेको देखिन्छ। ऐनमा भएको व्यवस्था अनुसार १५ प्रतिशत कर कट्टी हुनुपर्नेमा १ प्रतिशत भएकोले बाँकी १४ प्रतिशत कार्यक्रम संयोजक अनिल बहादुर बोहरालाई जिम्मेवार बनाई देहायका प्रशिक्षकबाट कर रकम रु. ९९६५१ असुल गरी दाखिला हुनुपर्ने रु

क्रस	कार्यक्रमको नाम	प्रशिक्षक	भुक्तानी रकम	बाँकी कर रकम
	सोडा तथा साबुन उत्पादन कार्यक्रम	लक्ष्मी मल्ल	१४००००	१९६००
	हाउस वाईरिङ्ग सम्वन्धी सीपविकास तालिम	प्रेम सिंह गडाल	५२५००	७३५०
		प्रदिप भण्डारी	५२५००	७३५०
		विरेन्द्र ब ऐर	४०९५०	५७३३
	तरकारी खेति तथा तयारी खाना सीप विकास तालिम	लक्ष्मी चन्द	१४००००	१९६००
	सीन्के धुप सीप विकास तालिम	नाम नखुलेको	५००००	७०००
	सिलाई कटाई सीप विकास तालिम	पुजा बोहरा	५२६५०	७३७१
		सुर्जा बोहरा	४०२७५	५६३८
		कल्पना अवस्थी	५२६५०	७३७१
		लले धानुक	४०२७५	५६३८
	ईन्टरलक बिक्र उत्पादन सीप विकास तलिम	नविन राज पन्त	५००००	७०००
	जम्मा			९९६५१

असुल गर्नुपर्ने	९९,६५१

१२५.३ अनुगमन भत्ताः माथि उल्लेखित ६ वटा कार्यक्रममा अनुगमन वापत रु ४८९६०० खर्च गरेको देखिन्छ। माथि उल्लेखित सबै कार्यक्रममा अनुगमन भत्ता बुझ्ने भर्पाईमा प्रमुख प्रशासकिय अधिकृत लेखापाल र सहलेखापालको हस्ताक्षर नरहेको देखिन्छ। साथै प्रत्येक कार्यक्रमा १३ जना अनुगमनकर्ता रहेको छ। प्रत्येक कार्यक्रममा १३ जना अनुगमनकर्तालाई प्रत्येक कार्यक्रमको ३ पटक भत्ता भुक्तानी भएको तर अनुगमन प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्दछ र ३ जना अनुगमनकर्ताले रु १५०० का दरले ८७ वटा अनुगमन भत्ता रु १३०५०० नबुझेको प्रतिवेदनमा देखिन्छ। सो सहि गरेको प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा अनिल बहादुर बोहरावाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

प्रमाण पेश नगरेको	१,३०,५००

१२५.४ बजेट सिमा भन्दा बढी खर्चः नगर कार्यपालिकाको मिति 2081/10/20 को बैठकबाट ब.उ.शी.नं. 307810143 घरेलु तथा साना उद्योग प्रबर्द्धन केन्द्रमा विनियोजित बजेट रु 5000000 मध्ये हाउस वाइरिङ तालिम कार्यक्रममा रु 1000000 बजेट बाँडफाँड गरेको देखिन्छ। उक्त तालिममा कार्यपालिकाबाट स्वीकृत सीमा भन्दा 245470 बढी खर्च गरेको देखिएकोले सो खर्च नियमित हुनुपर्ने रु

अनियमित भएको	२,४५,४७०

१२६ **वितरण भर्पाइ**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखालाई प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नुपर्दछ । पालिकाले समावेशी ट्रेडर्सवाट सेफ्टी ज्याकेट रवर गम बुट हेलमेट कलाविङ ग्लोब सहित ८५ सेट खरिद गरी रु २८६००० भुक्तानी गरेको देखिन्छ।उक्त सामाग्रीको वितरण भर्पाई पेश नभएकोले भर्पाई प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२,८६,०००

१२७ **स्वास्थ्य तर्फ**

१२७.१ तलबी प्रतिवेदनः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गत कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा पालिकाले स्थानीय तहतर्फका स्वास्थ्य कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

१२७.२ औषधी खरिदः पालिकाकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। यसवर्ष पालिकाले देहायका फर्मसँग रू.२५१६९९८। को औषधी खरिद गरेको देखिन्छ । खरिद गरिएका औषधी सहि समयमा वितरण गरिएको छ छैन नागरिकले औषधीको सहि समयमा उपभोग गर्न पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

गोभौनं मिति	औषधी आपूर्तीकर्ताको नाम	औषधीको प्रकार	भुक्तानी रकम	खरिद विधी
१११-०८१।९।१९ (सर्शत चालु)	हेल्पिङ्ग मल्टिप्रपोज प्रा लि	७९ प्रकार	१५२२०००	बोलपत्र माध्यम
१००-०८१।०६।२२(सर्शत चालु)	सुविसु मेडिसिन सप्लायर्स	११ प्रकार	९९४९८८	सोझै खरिद
जम्मा			२५१६९८८	

आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितर लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि औषधी life को कम्तिमा ३/४ भाग अवधि वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधीको प्रयोग र मौज्दात समेत यकिन भएन। पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ। साथै खरिद गरिएका औषधी निर्धारित म्यादको नहुँदा जनस्वास्थ्यमा पर्ने प्रतिकुल प्रभाव प्रति पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। साथै सम्झौतामा उल्लिखित अवधि भन्दा कम अवधिको औषधी आपूर्तीकर्ता माथि समेत पालिकाले नियमित अनुगमन गरी आवश्यक कदम चाल्ने तर्फ दिनुपर्दछ।

१२७.३ न्यानो झोला कार्यक्रम- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१/८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका १० बर्थिङ सेन्टरमा गतको गतवर्ष खरिद गरेकोमा मौज्दात रही आएको ३७० थान मौज्दात रहेकोमा पालिकाले यस वर्ष ५०० थान न्यानो झौला खरिद गरी रु ४४९७४० खर्च लेखेको देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ४८ थान न्यानो झोला मौज्दातमा रहेका जिन्सी अभिलेख किताबबाट देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

१२७.४ सुनौलो हजार दिनः बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका लागि विपिन्न महिलाको पोषण सुधार गर्न आयआर्जन अनुदान कार्यक्रममा २८ जना महिलालाई रु ७००००० अनुदान दिएको देखिन्छ। लाभ प्राप्त महिलाले सो अनुदान रकम कुन प्रयोजनमा खर्च गरेको तथा आयआर्जनका कार्यमा अनुदान रकम खर्च भए भएन सम्वन्धमा पालिकावाट अनुगमन गरेको देखिएन। पालिकावाट नियमित अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्ने।

१२७.५

सहभागिता भत्ताः अर्थ मन्त्रालयले जारी गरेको कार्य सञ्चालन निर्देशिका २०७७ को बुदाँ ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्डमा यातायात खाजा खाना र आवस सम्वन्धी दिने सेवा सुविधा नै सहभागिता भत्ता भनी उल्लेख रहेको छ। पालिकाले पूर्ण खोप पालिका सुनिश्चितता तथा घोषणा कार्यक्रम सञ्चालन गर्न रु १८०९४० खर्च भएकोमा ६२ जना सहभागीहरुलाई यातायात, सहभागी निर्वाह वापत रु ४१३०० र खाना खाजा वापत रु ४८५५० खर्च गरेकोमा फेरी सहभागी भत्ता भनी रु ७०००० खर्च लेखेको देखिन्छ। दोहोरो खर्च भएकोले तथा उल्लेखित सुविधा उपलब्ध गराएको अवस्थामा सहभागि भत्ता नदिनुपर्नेमा दिएकोले ६२ जना सहभागीहरुवाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

असुल गर्नुपर्ने	७०,०००

१२८ **शिक्षा तर्फ**

१२८.१ स्वीकृत दरवन्दीः स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा प्रकाशित विवरणअनुसार यकिन भएको दरबन्दीलाई "शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६" अनुसार मिलान/व्यवस्थापन अद्यावधिक गर्ने कार्य आर्थिक वर्षको प्रथम त्रैमासिकभित्र सम्पन्न गर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष शिक्षक दरबन्दी अद्यावधिक नगरी विद्यालयमा अनुदान निकासा उपलब्ध गराएकोले कुन विधालयलाघ कति निकासा गर्ने सम्वन्धमा यकिन गर्न सकिएन।

१२८.२ शिक्षक विधार्थी अनुपातः शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमशः ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२ (क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिका स्थित ७४ वटा सामुदायिक विद्यालयमा १२१०२ जना विद्यार्थी अध्ययनरत रहेका छन। यस पालिकामा रहेका विद्यालयहरुको औषत शिक्षक विद्यार्थी अनुपात १:३५ रहेको प्राप्त विवरणबाट देखिन्छ। पालिकाले न्युन विद्यार्थी भएका बिद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

शिक्षक विधार्थी अनुपात					
विधालयको नाम	शिक्षक पदपूर्ति विवरण				विधार्थी संख्या
७४ समुदायिक विधालयको	स्थायी	राहत	करार	निति	१२१०२
	१३७	१११	११	८२	

१२८.३ अवकाश पश्चात तलबभत्ता भुक्तानीः शिक्षा नियमावली, २०५९ अनुसार अनिवार्य अवकाश भएको दिन पछाडी तलबभत्ता नदिईने व्यवस्था रहेकोमा लटीनाथ आ वि विधालय सल्लेलीगाँउले श्री वृष साउतको अनिवार्य अवकास मिति २०८१।०३।०५ रहेकोमा आव २०८१।०८२ को असार महिनाको पूर्ण तलब भत्ता भुक्तानी भएको देखिन्छ। सो २६ दिन बढीको तलबभत्ता भुक्तानी भएको रु ४६२२८ निजवाट असुल गरी संघीय राजश्वमा दाखिला हुनुपर्ने रु

असुल गर्नुपर्ने	४६,२२८

१२८.४ शिक्षक अभिलेखः पालिका कार्यालयले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरवन्दी (राहत करार समेत) विद्यालयमा शिक्षक अवस्था सरुवाको विवरण अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन। त्यसैगरी कार्यालयले प्रमाणित र परीक्षण नभएको सफ्टवेयर सिष्टम प्रयोग गरि माग फारम वेगरको तलव रुजु नगरी निकासा दिएको देखिदा निकासा भएको तलव पूर्ण रुपमा भरपर्दो छ भन्न सकिएन। तसर्थ शिक्षक सरुवा अवकाश भए पश्चात पनि रकम निकासा नभएको विश्वस्त हुने गरी अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ।

१२८.५ विद्यालय निकासा रजिष्टरः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ ।

१२८.६ विद्यालयको लेखापरीक्षण प्रतिवेदनः कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालयका सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु १५००० अनुदान दिने व्यवस्था छ पालिका अन्तर्गत सञ्चालित ७४ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम निकासा गएको विद्यालयले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि आर्थिक लेखापरीक्षण गराएको पाइएन । विद्यालयहरुको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराएर पालिकामा प्रतिवेदन पेश गराउने व्यवस्था हुनुपर्दछ ।

१२९ सशर्त अनुदान फिर्ताः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तह भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसतं, विशेष र समपूरक अनुदान स्थानीय तहले साहित्य सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। नमुना परिक्षणको क्रममा पालिका स्रोतबाट खर्च व्यहोर्नुपर्नेमा पालिकाले शिक्षक, बालकालिका सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको थप पारिश्रमिक रु २६६४००० शसर्त अनुदानबाट भुक्तानी भएको देखिन्छ। सो पालिकाले थप पारिश्रमिक पालिका स्रोतबाट नगरी शसर्त अनुदानबाट खर्च गरेकोले रु २६६४००० शसर्त अनुदान शोधभर्ना हुनुपर्ने रु

प्रमाण पेश नगरेको	२६,६४,०००

१३० **दिवाखाजा कार्यक्रम**

आर्थिक वर्ष २०८१/८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८१/८२ को अनुसूची ४ (ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरी उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले शसर्त अननुदानबाट कुल ७४ विद्यालयका लागि खाजा वापत रू. १५९३२६६२ विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरको पाइएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिक तत्व युक्त खानेकुरा पाए नपाएको सम्बन्धमा, पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन हुने गरेको छैन।नमुना परीक्षणको क्रममा देहायका विद्यालयहरुमा दिवा खाजा वापतको रकम भुक्तानी गर्दा EMIS को तथ्याङ्क अनुसार विद्यार्थी संख्यको आधारमा दिवा खाजा वापतको रकम निकासा गर्नुपर्नेमा निम्नानुसार बढी रकम निकासा गरेको सम्बन्धमा एकिन गरी बढी भएको निकासा रु २५९५१५ असुल गरी संघीय सञ्चित कोषमा दाखिलाको प्रमाण पेश हुनुपर्ने रु

सि.नं.	विद्यालयको नाम	निकासा भएको रकम(रु)	निकासा हुनुपर्ने रकम	असुल गर्नुपर्ने रकम
१	श्री भुमिराज आ.वि. सल्लेवन	१२१५५५	११६१००	५४५५
२	श्री नेपाल राष्ट्रिय मा.वि वडा नं ८	२२२३०५	२१८७००	३६०५
३	श्री गौरी कन्या आ.वि, जोग्योडा	२३७६४५	२२१४००	१६२४५
४	श्री डिलाशैनी आ.वि, बाँस	२२७७२०	१९१७००	३६०२०
५	श्री भुमिराज मा.वि, काटै गहताह	३२३४४५	३२१३००	२१४५
६	श्री दशरथ आ.वि, ऐरीगाँउ	२६२४२०	१८३६००	७८८२०
७	श्री सत्यवादी मा.वि, गठिलेक	३६८७६०	२८६२००	८२५६०
८	श्री रौलेश्वर मा.वि, विजयपुर	२६०५१०	२४८४००	१२११०
९	श्री दर्गा आ.वि, भाडशैनी	२९४८१०	२८८९७०	५९१०
१०	श्री न्वादेउ आ.वि, बत्तथी	३००१४५	२८३५००	१६६४५
	जम्मा			२५९५१५

प्रमाण पेश नगरेको	२,५९,५१५

१३१ प्रति विद्यालय लागतका आधारमा अनुदानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/०८२ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ७४ वटा विद्यालयलाई जम्मा रू. २७८६००० निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना हुनुपर्दछ ।

१३२ **पाठ्यपुस्तक अनुदान**

१३२.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम (५)सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्नेछ व्यवस्था छ साथै कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/०८२ को क्रियाकलाप नं. २.४.६.१मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था रहेको छ सोहि कार्यक्रमको बुदा नं. ३.१ को (५) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापनका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० सम्मको लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटक विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा बाँकि अनुदान शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरणका आधारमा यकिन गरी नपुग रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ। यस पालिकाले २०८२ को शैक्षिक सत्रको लागि पहिलो पटक ७५ प्रतिशत अनुदान र दोस्रो पटक थप अनुदान गरी ७४ वटा विद्यालयलाई जम्मा रू. ७९३१२०२ निकासा दिएको पाइयो।नमुना परीक्षणको क्रममा देहायका विद्यालयहरुमा पाठ्यपुस्तक वापतको रकम भुक्तानी गर्दा EMIS को तथ्याङ्क अनुसार विद्यार्थी संख्यको आधारमा पाठ्यपुस्तक वापतको रकम निकासा गर्नुपर्नेमा निम्नानुसार बढी रकम निकासा गरेको सम्बन्धमा एकिन गरी बढी भएको निकासा रु १६०००६ असुल गरी संघीय सञ्चित कोषमा दाखिलाको प्रमाण पेश हुनुपर्ने रु

सि.नं.	विद्यालयको नाम	निकासा भएको रकम(रु)	निकासा हुनुपर्ने रकम (रु)	असुल गर्नुपर्ने रकम (रु)
१	श्री भुमिराज मा.वि. काफलढुङ्गा	४८७९७०	४५६७२८	३१२४२
२	श्री डिलेश्वर मा.वि, हाट	३३२९९५	२९६४७८	३६५१७
३	श्री खेती मा.वि तल्लादेही	३६४२८६	३५०२७०	१४०१६
४	श्री गलिनाथ मा.वि वडगाँउ	३२८३४८	२८२२५८	४६०९०
५	श्री महेश्वरी मा.वि, न्वारघर	३१५६२२	२८३४८१	३२१४१
	जम्मा			१६०००६

प्रमाण पेश नगरेको	१,६०,००६

१३२.२ आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालित ७४ वटा विद्यालययहरुमध्ये नमुना छनौटको आधारमा पालिकाले उपलब्ध गराएको खर्च विवरणको आधारमा देहायका विद्यालयले पाठ्यपुस्तकको घटी विल तथा विल भरपाई पेश नगरेकोले निकासा भएको रकम सम्वन्धि विद्यालयहरूले विल भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल गरी राजस्व दाखिला गर्नुपर्ने रू.

क्र.स.	विधालयकोनाम	निकासा रकम
१	श्री भुमिराज मा.वि. काफलढुङ्गा	५२७९८
२	श्री डिलेश्वर मा.वि, हाट	१२२५५१
३	श्री खेती मा.वि तल्लादेही	४२९१६
4	श्री महेश्वरी मा.वि, न्वारघर	३५६५८
5	श्री महादेवमा.वि शिवाबै	२३४६०
6	श्री पहरौला मा.वि वाँगा	१५४७६
7	श्री गलेश्वरमा.वि कठपते	३६९६९
8	श्री मालिका मा.वि. भटना	४१९१०
9	श्री भुमिराज मा.वि. गहताड	२५४२७
	जम्मा रकमरु.	३९७१६५

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रु **३२८,३४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	३,९७,१६५

१३३ **नमुना विद्यालय अनुदान**

नमुना विद्यालयको रूपमा छनोट भई शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय सञ्चालन गरिरहेका र यसकेन्द्रबाट पहिलो चरणमा विज्ञान विषयका लागि छनोट भएका विद्यालयका लागि विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय ३० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय ४५ लाख र २५०० भन्दा बढी विद्यार्थी भए प्रति विद्यालय ६० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने । यस बजेटबाट विद्यालयबाट स्वीकृत विज्ञान विषय प्रवर्द्धनका लागि स्वीकृत विद्यालय विकास योजनाका आधारमा विद्यालयले आफ्नो जिल्ला भित्रका स्थानीय तहमा विज्ञान विषयको पठनपाठन नभएका विद्यालयबाट सम्बन्धित स्थानीय तहको

सिफारिस सहित आएका विद्यार्थीका लागि दोहोरो नपर्ने गरी छात्रबृति, विज्ञान विषय पठनपाठनका लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला सञ्चालन एवम् अद्याविधक, गूणस्तर अभिबृद्धि कार्यक्रम (क्षमता विकास, विज्ञान प्रदर्शनी, सामग्री व्यवस्थापन, स्थलगत अध्ययन भ्रमण लगायत) र स्वीकृत गुरूयोजना बमोजिम नमुना विद्यालय विकासका लागि बाँकी काम गर्न सक्नेछन । पालिकाले यस कार्यक्रम अन्तगर्त श्री डिलेश्वर मा. वि. हाँटलाई छनौट गरी रु ३० लाख अनुदान उपलब्ध गराएको देखिन्छ। विद्यालयले पेश गरेको गुरुयोजना र खर्च विवरण परीक्षण गर्दा विद्यार्थीको क्षमता विकास जस्ता कार्यमा कम खर्च गरी प्र.अ. सेवा सुविधा, चौकीदारको तलबभत्ता, बार्षिक दिवस जस्ता कार्यका खर्च गरेको देखिन्छ। खर्च विवरण निम्नानुसार रहेको छ।

क्रस	खर्च शिर्षक	रकम
१	प्र अ सेवा सुविधा	१५००००
२	चौकीदारको तलबभत्ता	२८६०००
३	वार्षिक उत्सव अभिभावक दिवस	१५००००
४	आन्तरिक लेखापरिक्षण	१२५०००
५	कार्यालय व्यवस्थापन	२८९०००
६	ल्याटप प्रिन्टर र स्मार्ट बोर्ड खरिद	२००००००
	जम्मा	३००००००

नमुना विद्यालय अनुदान अन्तर्गत पालिकाले ल्याटप ६ थान, प्रन्टिर १ थान खरिद गरी रु ९९६६६० उग्रतारा ट्रेडिङ्ग एण्ड सप्लायर्सलाई र OPS I7 स्मार्ट वोर्ट १ थान खरिद गरी थ्यान्क्यु विजनेसलाई रु ९९८३५५ भुक्तानी गरी जम्मा रु १९९५०१५ खर्च गरेको देखिन्छ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने नियमावली २०६४ को नियम ८५ मा रु.१० लाखसम्म सोझै नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्मसिलबन्दी दरभाउपत्रबाट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले टुक्रा गरी २० लाखको इलेक्ट्रोनिक्स सामाग्री सोझै खरिद गरेकोले नियमको पालना नभएको देखिन्छ।साथै खरिद गरिएको सामाग्रीको स्पेशिफिकेशन अनुसारको प्राप्त भए नभएको सम्वन्धमा प्राविधि पुष्टयाई सहितको प्रमाण पेश भएन र उल्लेखित सामाग्री विद्यालयलाई हस्तान्तरण नभई पालिकामै मौज्दात रहेको देखिन्छ। सो पालिकाले स्पेशिफिकेशन अनुसारको प्राविधि पुष्टयाई सहित प्रमाण र हस्तान्तरण भर्पाई पेश गरी नियमित गर्नुपर्ने रु

अनियमित भएको	१९,९५,०१५

१३४ **बढी निकासा**

कार्याक्रम कार्यान्विय पुस्तिका, ०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१० मा एकमुष्ठ अनुदान प्राप्त गर्ने विद्यालयहरुले विद्यालय संचालन तथा व्यवस्थापन अनुदान नपाउने उल्लेख छ। तर पालिकाले देहायका विद्यालयलाई सामाजिक परिक्षण तथा आर्थिक लेखापरीक्षण बापत रु.१००००.०, मसलन्द वापत रु. १५०००, SIP निर्माण बापत रु.१५०००.०, ईन्टरनेटबापत रु.१२०००.० समेत रु.५२०००.० का दरले निकासा भएकोले उक्त रकम निम्मानुसारका विद्यालयबाट असूल/फिर्ता गरी संघीय संचितकोषमा दाखिलाको प्रमाण पेश हुनुपर्ने रु

क्रस	विद्यालयको नाम	निकासा रकम
१	श्री केदार आ. वि., मोरला	५२०००
२	श्री दलित जनचेतना आ. वि., नागपुर	५२०००
	जम्मा	१०४०००

प्रमाण पेश नगरेको	१,०४,०००

१३५ विल भरपाई र प्रतिवेदन

कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ को क्रियाकलाप न. २.७.१३.१३ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई एकमुष्ट अनुदान अनुदान अन्तर्गत विद्यालयलाई अनुदान दिनुपूर्व तोकिएको निश्चित मापदण्ड पुरा गर्ने र निकासा भएको खर्चको विलभरपाई पालिकामा उपलब्ध गराउने तथा उक्त कार्यक्रमको पालिकाले निरन्तर अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्ने उल्लेख छ। पालिकाले देहायका प्रति विद्यालयलाई एकमुष्ठ अनुदान बापत रु.१० लाख अनुदान निकासा गरेकोमा प्रस्तावना अनुसार खर्च भएको विल भरपाई र अनुगमन प्रतिवेदन पेश नभएकोले खर्चको बिल भरपाई र प्रतिवेदन पेश हुनुपर्दछ।

क्रस	विद्यालयको नाम	निकासा रकम
१	श्री केदार आ. वि., मोरला	१००००००
२	श्री दलित जनचेतना आ. वि., नागपुर	१००००००
	जम्मा	२००००००

१३६ छात्रवृत्ति अनुदान

कार्यक्रम कार्यान्यिन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ को बूँदा नं. ४.२ मा गैरआवासीय छात्रवृत्ति सम्बन्धी कक्षा १-५ सम्म छात्रा तथा दलित छात्रवृत्ति व्यवस्था रहेको छ । पालिकाले रु. १७,१३,२०० छात्रवृती निकासा दिएको छ । कार्यक्रम कार्यान्विनय पुस्तिका अनुसार IEMIS मा प्रविष्ट गरेको विद्यार्थी संख्यालाई यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा मात्र गैरआवासीय छात्रवृत्ति निकासा दिनुपर्नेमा पालिकाले गरेको छैन्। कार्यान्यिन पुस्तिका २०८१।८२ अनुसार कक्षा १-५ सम्मका छात्रा तथा दलित छात्रवृत्ति दिनुपर्नेमा विद्यालयहरुद्वारा पेश गरेको भरपाईमा कक्षा ६-९ सम्मका छात्रा तथा दलित विद्यार्थीलाई छात्रवृत्ति वापत रकम निकासा भएको देखिन्छ।नमुना छनौट आधारमा कार्यान्यिन पुस्तिका विपरित कक्षा ६-९ सम्मका छात्रा तथा दलित विद्यार्थीलाई छात्रवृत्ति वापत निकासा भएको रकम देहाका विद्यालयवाट असुल गरी संघीय सञ्चित कोषमा दाखिलाको प्रमाण पेश हुनुपर्ने रु

क्रस	विद्यालयको नाम	छात्रवृत्ति पाउने जम्मा संख्या	कक्षा १-५ सम्मका छात्रा तथा दलित संख्या	कक्षा ६-९ सम्मका छात्रा तथा दलित संख्या	छात्रवृत्ति दर	असुल गर्नुपर्ने रु
१	गलिनाथ मा. वि. बडगाँउ	१७०	४९	१२१	४००	४८४००
२	भुमिराज मा. वि. दहताल	१७८	५१	१२७	४००	५०८००
३	खेती मा. वि. तल्लादेही	१६३	७५	८८	४००	३५२००
४	डिलेश्वरी मा. वि. हाँट	२०६	११५	९१	४००	३६४००
५	रौलेश्वरी मा. वि. विजयपुर	८६	४७	३९	४००	१५६००
६	पहरौल मा. वि. बागा	९८	५३	४५	४००	१८०००
७	गलेश्वरमा. वि. विजयपुर	९९	२७	७२	४००	२८८००
८	भुमिराज मा. वि. काँट	१३३	३५	९८	४००	३९२००
९	जनता मा.वि. रौनाली	४९	३४	१५	४००	६०००
१०	भुमिराजमा. वि. कफलढुङ्ग	२२०	३८	१८२	४००	७२८००
११	महादेव आ. वि. कोटीला	४८	२१	२७	४००	१०८००
१२	गोपेश्वर आ. वि. विजयपुर	६०	३०	३०	४००	१२०००
१३	मालिका मा.वि. भटना	१४०	४२	९८	४००	३९२००
१४	भवानीस्थान मा.वि. न्वादेउ	७९	५३	२६	४००	१०४००
१५	समैजी आ.वि. ल्याँटी	६४	२९	३५	४००	१४०००
१६	सत्यवादी मा. वि. गढीलेक	१०१	४६	५५	४००	२२०००
१७	डिलाशैनीमा.वि. मल्लादेही	१४२	६१	८१	४००	३२४००
१८	महादेव आ.वि. अल्कापुरी	७३	४१	३२	४००	१२८००
१९	महादेव मा. वि.	६२	४०	२२	४००	८८००

	त्रिकाली					
२०	विषेश्वर मा. वि. नाकाली	८५	४९	३६	४००	१४४००
२१	महादेव मा. वि. शिवावे	१८४	१०५	७९	४००	३१६००
२२	कैपाल आ.वि. कुडीचौड	५७	३५	२२	४००	८८००
२३	निमुन मा. वि. आफाला	६१	३०	३१	४००	१२४००
	जम्मा			१४५२		५८०८००

प्रमाण पेश नगरेको	५,८०,८००

१३७ **पुस्तकालय र प्रयोगशाला स्थापना**

आर्थिक वर्ष २०८१/८२ को लागि विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापनका लागि छनौट भएका प्रति विद्यालय वार्षिक ६ लाख ५० हजार अनुदान दिने व्यवस्था छ। अनुदान प्राप्त विद्यालयले पुस्तकालय विस्तारका लागि छनोट भएका पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने। लाईब्रेरीका लागि आवश्यक फर्निचरहरू जस्तैः पुस्तक न्याक, बसाइ व्यवस्थाका लागि कुर्सी टेबुल लगायतका सामग्री व्यवस्था गर्न कुल बजेटको २५% सम्म बजेट सार्वजनिक खरिद ऐनअनुसार खर्च गर्ने । साथै विद्यालयमा ICT ल्याब व्यवस्थापन कार्यक्रम वितरण गर्दा स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका, कम्प्युटर ऐच्छिक विषयका रूपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण आधारमा छनोट भएका विद्यालयका लागि Networking, Internet फर्निचर, कम्प्युटर/उपकरण/सफ्टवेयर/विद्युतीय अन्तरक्रियात्मक श्रव्य-दृश्य सिकाइ सामग्री व्यवस्थापन गर्ने । स्थानीय तहले उल्लेखित विषय क्षेत्र समेटी स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयलाई सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शनअनुसारका प्रक्रियाहरू पूरा गरी सामग्री खरिद गर्न लगाउने। अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरूप कार्यान्वियन गरे/नगरेको नियमित रूपमा अनुगमन गरी सोको प्रतिवेदन एकप्रति शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनुपर्ने । देहायका विद्यालयकहरुले प्रयोगशाला र पुस्तकालय व्यवस्थापनका लागि रु २६०००००० खर्च गर्दा कार्यविधि अनुसार गरेको पाइएन।साथै पालिकाले नियमित अनुगमन गरेको देखिएन, केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएको देखिएन र कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले पालिकले अनुगमन गरी प्रतिवेदन सहित कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।

क्रस	विद्यालयको नाम	विवरण	रकम
१	श्री पहरौला मा. वि, बागा	प्रयोगशाला स्थापना	६५००००
२	श्री भवानीस्थान मा. वि, न्वाला	प्रयोगशाला स्थापना	६५००००
३	श्री निमुन मा. वि, आफ्ला	पुस्तकालय स्थापना	६५००००
४	श्री गलिनाथ मा .वि, बडागाँउ	पुस्तकालय स्थापना	६५००००
	जम्मा		२६०००००

१३८ **स्यानेटरी प्याड खरिद**

१३८.१

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ । पालिकाले बोलपत्र खरिद विधिवाट यस वर्ष २१००० प्याकेट सेनेटरी प्याड रु ५० का दरले ए. जि. हेल्थ इण्डष्ट्रिज प्रा.लि. वाट रु ११८६५०० खरिद गरी खर्च गरेको देखिन्छ। पालिकाले खरिद गरेको सेनेटरी प्याड कार्यविधि तोकिएको स्पेशिफिकेशन अनुसारको खरिद गरेको देखिएन।साथै पालिकाले २१००० सेनेटरी प्याड प्याकेट एउटै साइज XXL को खरिद गरेको देखिन्छ। सो पालिकाले सेनेटरी प्याड कार्यविधि तोकिएको स्पेशिफिकेशन अनुसारको खरिद गर्नुपर्ने ध्यान दिनुपर्दछ।

१३८.२ **स्यानिटरी प्याड वितरण-**

(..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,१८६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१३९ सामुदायिक सिकाई केन्द्रलाई अनुदान: कार्यक्रम कार्यन्वयन पुस्तिका,२०८१।८२ क्रियाकलाप नं २.७.१३.११ मा सामुदायिक सिकाई केन्द्रको संचालन अनुदान निकासाको लागि वार्षिक साधारण सभा भएको, बजेट र कार्यक्रम पास गरेको, लेखापरिक्षण प्रतिवेदन पेश गरेको लगायतका ५ वटा मापदण्ड पुरा भएको अवस्थामा स्थानीय तहले स्थलगत निरीक्षण पश्चात एकमुष्ट रु.३ लाख अनुदान निकासा गर्ने उल्लेख छ। पालिकाले समैजी सामुदायिक सिकाई केन्द्र, त्रिवेणी सामुदायिक सिकाई केन्द्र र पुर्णिमाजुन सामुदायिक सिकाई केन्द्रलाई रु.३०००००.० का दरले रु.९०००००.० निकासा गरेकोमा कार्यक्रम कार्यन्वयन पुस्तिकाले उल्लेख गरेको मापदण्ड र स्थलगत निरिक्षण वेगर भुक्तानी दिएकोले मापदण्ड पुरा गरेको प्रमाण र स्थलगत निरिक्षण गरेको प्रतिवेदन पेश हुनुपर्दछ।

१४० **विद्यालयलाई प्रोत्साहन अनुदान**

स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने । उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने । विद्यालयले प्राप्त गरेको अनुदानबाट विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा गरिने सुधार शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालयसँगको अन्तर्क्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिनेगरी विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्च गर्ने। विद्यालयले सम्पादित कार्यका आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रूपमा पठाउने। स्थानीय तहले प्रस्तावअनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा निमित अनुगमन गर्ने ।पालिकाले मिति २०८२।३।१८ मा कार्यपालिकाको निर्णय बमोजिक छनौट भएका देहायका विद्यालयललाई प्रथम र द्वितीय गरी क्रमशः तीन लाख र दुई लाख निकासा अनुदान दिएको देखिन्छ।कार्यविधिले तोकिएका सूचकका आधारमा विद्यालयको छनौट गरेको प्रमाण पेश नभएको, कार्यपालिकाको निर्णय असारमा भएको र विद्यालयले खर्च गरेको प्रोत्साहन अनुदान रकमको विल भर्पाई जेष्ठमा पेश गरेको साथै पालिकावाट अनुगमन नगरेको देखिन्छ। कार्यविधि पालना नभएकोले नियमित गर्नुपर्ने रु

क्रस	विद्यालयको नाम	श्रेणी	अनुदान रकम
१	श्री डिलेश्वरी मा. वि., हाँट	प्रथम	३०००००
२	श्री भुमिराज मा. वि., कफलढुङ्गा	द्वितीय	२०००००
	जम्मा		५०००००

अनियमित भएको	५,००,०००

१४१ **परीक्षा सञ्चालन तथा व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.५१ अन्तर्गत संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवं विद्यार्थी मूल्याङ्कनको बूँदा नं.१५.१ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण एवम् मूल्याङ्कनको लागि कक्षा ८ का विद्यार्थीलाई प्रति विद्यार्थी रु.२७५ का दरले परीक्षा सञ्चालनका लागि अनुदान दिने व्यवस्था छ । पालिका भित्र ७४ सामुदायिक विद्यालय रहेकोमा EMIS अनुसार कक्षा ८ का जम्मा विद्यार्थी संख्या ९३० रहेकोले रु २७५ का दरले रु २५५७३० निकासा हुनुपर्नेमा रु ५६९६८४ निकासा भएकोले बढी निकासा रु ३१३९३४ सम्वन्धित विद्यालयवाट असुल गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रु

असुल गर्नुपर्ने	३,१३,९३४

१४२ **प्रमाण पेश गर्नुपर्ने**

पालिकाले बजेटमा स्वीकृत शीर्षकको रकम सोही शीर्षकमा खर्च गर्नुपर्दछ । पालिकाले सशर्त चालु तर्फका स्वीकृत बजेट कार्यक्रम अनुसारको खर्च गरेको देखिएन। सुत्रले देखाएको कार्यक्रम अनुसारको खर्च र स्रेस्ता परीक्षण गर्दा कार्यक्रम अनुसारको खर्चमा फरक परेकोले फरक रकम कुन शीर्षकमा कति खर्च गरेको सम्वन्धमा प्रमाण पेश भएको छैन। अतः फरक रकमको प्रमाण पेश गर्नुपर्ने रु

क्रस	कार्यक्रमको नाम	सुत्र अनुसार शिर्षकगत खर्च रकम	स्रेस्ता अनुसार शिर्षकगत खर्च रकम	फरक रकम
३	निशुल्क पाठ्यपुस्तक अनुदान	८१२८०००	७९३१२०२	१९६७८९
४	प्रधानमन्त्री रोजगारी कार्यक्रम	५६५२०००	४०७५१३४	१५७६८६६
	जम्मा			१७७३६५५

प्रमाण पेश नगरेको	१७,७३,६५५

१४३ अनुगमन नियमन व्यवस्था - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१४४ **बैठक भत्ता**

अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को दफा ७.१.१(३) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ ।तर पालिकाले पालिकाकै जनप्रतिनिधि र कर्मचारीहरु अर्थात एउटै निकायको कर्मचारीहरुको बोलपत्र मूल्याङ्कन समिति र कार्यसंचालन सम्बन्धि बैठकमा बैठक भत्ता भुक्तानी गरेको छ ।साथै एउटै योजनाको बोलपत्र मूल्याङ्कन ८ पटक सम्म बैठक भत्ता भुक्तानी गरेको देखिन्छ। निर्देशिका विपरीत भुक्तानी भएको कर कट्टी बाहेक रकम रु.५५२५०। सम्बन्धितबाट असुल हुनुपर्ने रू.

क्र.सं.	पदाधिकारी/ कर्मचारीको नाम	बैठक संख्या	दर	कर कट्टी बाहेक असुल हुनुपर्ने रु
१	जगदिश बहादुर भण्डारी	६	१०००	५१००
२	हरिश बहादुर धामी	८	१०००	६८००
३	दिपक बहादुर बम	८	१०००	६८००
४	मिना धानुक	२	१०००	१७००
५	गणेश बहादुर गदाल	२	१०००	१७००
६	चक्र बहादुर बम	२	१०००	१७००
७	अनिल बहादुर बोहरा	६	१०००	५१००
८	केशव बहादुर ऐर	१	१०००	८५०
९	चक्रगुरु धामी	२	१०००	१७००
१०	रिगेश धानुक	४	१०००	३४००
११	दिपक बस्याल	२	१०००	१७००
१२	प्रविन धानुक	१	१०००	८५०
१३	जिवन धनुषे	१	१०००	८५०
जम्मा				३८२५०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३८,२५०

१४५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

१४५.१ स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका १० वटा वडामा सुचिकृत ४९०० बेरोजगार मध्ये यो वर्ष १० वटा योजना सञ्चालन गरी ८३ जनालाई औसत ७४ दिनले रोजगारी उपलव्ध गराई रू. ४०७५१३५ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। अत्यन्तै थोरै संख्या वर्षको करिब १.६९ प्रतिशत मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

१४५.२ बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम भुक्तानी दिनुपूर्व चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिककाले कुरागाड,जर्सौ,भम्क खडिन्चि पिसिसि बाटो निर्माण योजनामा PCC (1:2:4) कार्यको लागि दर विश्लेषण गर्दा प्रति घनमिटर रु ३३४० हुनुपर्नेमा रु ५६१०.९७ का दरले १८.८ घनमिटरको भुक्तानी भएको देखिन्छ। प्रति घनमिटर रु २२७०.९ का दरले रु ४६६९२ बढी भुक्तानी भएकोले सम्वन्धित श्रमिकवाट असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	४६,६९२

१४६ **आन्तरिक लेखापरीक्षणवाट देखिएक व्यहोराहरु**

अन्तर सरकारी निकासाबाट खर्च भएकोमा आन्तरिक लेखापरीक्षणवाट देखिएको व्यहोराहरु निम्नानुसार छन्।

१	गोश्वारा भौचर नं. १८ मिति २०८२/१/५बाट प्रमुख प्रशासकीय अधिकृत श्री जगदिश प्रसाद जोशीलाई विभिन्न ३वटा भ्रमण आदेश अनुसारको भ्रमण खर्च भूक्तानी गर्दा भ्रमण खर्च नियमावली, २०६४ विपरीत १६००० फुटकर खर्च भूक्तानी भएको र भाडी भाडा बापत दावी गरेको कूल रकम रु ५६०००मा नियमानुसार १०प्रतिशतका दरले रु ५६००बहाल कर कट्टी गरी दाखिला गरेको बढी भूक्तानी भएको फुटकर खर्च र कट्टी/ दाखिला नभएको बहाल कर दाखिला हुनुपर्ने रु	२१६००
२	विज्ञापन (नियमित गर्ने) नियमावली, २०७७ को नियम ६क को उपनियम ३ बमोजिम सरकारी निकायले सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई विज्ञापन प्रकाशन बापत रकम भूक्तानी गर्दा विज्ञापन (नियमित गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ को खण्ड ख मा भएको व्यवस्था अनुसार तीन प्रतिशत रकम कट्टा गरी भूक्तानी गर्नुपर्ने हुन्छ। नगरपालिकाले मूल्य अभिवृद्धि कर बाहेक सूचना प्रकाशन बापत ए एन एन मिडिया प्रा.लि.लाई बील रकम रु १३६८५० र जित मिडिया एण्ड इन्टरटेन्मेन्टलाई बील रकम रु ६५४५० भूक्तानी गर्दा सो रकम कट्टी नगरेको देखिएकोले भूक्तानी प्राप्त कर्ताबाट क्रमशः रु ४१०६ र १९६४ गरी ६०७० असूल गरी विज्ञापन बोर्डको खातामा दाखिला गर्नुपर्ने रु	६०७०
	जम्मा	२७६७०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	६,०७०

१४७ **सामाजिक सुरक्षा**

१४७.१ भत्ता वितरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता वडा नं.१ देखि १० सम्म रु १९०१६९७८० निकासा भएकोमा बैंङ्कवाट रु ७७९२५ फिर्ता गरेको देखिन्छ।

१४७.२ लगत कट्टाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिन भित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा लगत कट्टा गरेको विवरण पेश नभएकोले वास्तविक संख्या एकिन गर्न सकिएन ।

१४७.३ अनुगमन तथा निरीक्षणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन ।

१४७.४ पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष नगरपालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पुर्चौडी नगरपालिका, बैतडी , पुर्चौडी नगरपालिका , बैतडी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बिर बहादुर नेपाली	२०८१-०६-०५	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	विनोद कुमार कुँवर	२०८०-८-४	२०८१-६-४
लेखा प्रमुख	गोविन्द रावल	२०८०-६-२९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५,०१०,००६.४४	१८,४५२,३८८	३२,०९८,३९६.९३	०	०	९,७११,१७१
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	६५,२७१,९६२.३७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,०३१,८२०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६३,२४०,१४२.३७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२१९२६१७४.८८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४३८८८७०५८	चालु खर्च	४६८५३७७०३.८
प्रदेश सरकारबाट अनुदान	३५७१२९९५	पूँजीगत खर्च	१००२७६७२६.२
राजश्व बाँडफाँट	११९२६८५४६.५६	वित्तीय/अन्य व्यवस्था	२४२४९९९२९.३
आन्तरिक आय	४७४५८७९.४९		
अन्य आय	२२०८६९४१५.५९		
कुल आय	८१९४८३८९४.६४	कुल खर्च	८११३१४३५९.३
बाँकी मौज्दात		३००९५७१०.२२	

अनुसूची - २

बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची - ३

भौ.न. र मिति	निर्माण व्यवसायी	कार्य	लागत अनुमान	भुक्तानी रकम	कैफियत
२-२०८१।११।१४	वि.ई.सि.कन्स्ट्रक्सन प्रा.लि.	मेरिनरी वाल तटबन्ध नियन्त्रण	१०००५९०.०	९९४८१९.०	लागत अनुमान स्वीकृत नभएको
१७-२०८२।०१।२८	जय माँ डिलासैनी निर्माण सेवा	खानेपानी ट्यांकी निर्माण	९९२६३२.०	९५१५१३.७२	लागत अनुमान स्वीकृत नभएको
२५३-२०८२।०३।२५	नौगडे निर्माण सेवा	सडक मर्मत तथा सरसफाई	९९६७६६.०	५७००००.०	लागत अनुमान स्वीकृत नभएको
२३४-२०८२।०३।२४	किशोर कन्स्ट्रक्सन	मेसिनरी वाल	९९८७८१.०	९९३२४३.०	लागत अनुमान स्वीकृत नभएको
१७६-२०८२।०३।०४	राजधानी कन्स्ट्रक्सन	सडक मर्मत तथा निर्माण	९९४१०८.१२	९८३९५८.०	लागत अनुमान स्वीकृत नभएको
१२७-२०८२।०१।१७	विईसि कन्स्ट्रक्सन प्रा.लि.	सोलार लाईट ७ थान	९९८५४३.५२	९६५१००.०	लागत अनुमन स्वीकृत नभएको, तिनवटा दररेट माग गरेता पनि पत्र र BOQ र पेश भएको पत्र फरक भएको तुलनात्मक चार्टमा विईसि कन्स्ट्रक्सन, बासुलिङ्ग र सदाफल सप्लार्यस रहेकोमा BOQ मा कृतिका टेर्ड्रस र जय केदार सप्लार्यसको पेश भएकोमा सोमा सम्बन्धित सप्लायर्सको छाप समेत नभएको अनियमित भनि लेख्ने PDF विईसि कन्स्ट्रक्सनको करचुक्ताको प्रमाण र PAN दर्ता प्रमाण पत्र समेत पेश नभएको
९०-२०८१।१२।२०	बेताल भगवती निर्माण सेवा	फिल्ड कटिङ्ग	९९०१७२.२७	९७२२५२.०	लागत अनुमान स्वीकृत नभएको
७७-२०८१।१२।०८	एचविएस मामा भान्जा कन्स्ट्रक्सन प्रा.लि	सडक मर्मत तथा निर्माण	८१२७८३.०	८०९९९३.०	लागत अनुमान स्वीकृत नभएको
५६-२०८१।०९।२१	विईसि कन्स्ट्रक्सन प्रा.लि.	प्रशासनिक भवनको अपुग संरचना निर्माण	९९९२०७.०	९९००५०.०	लागत अनुमान स्वीकृत नभएको
३१-२०८१।०७।०९ (गत वर्षको दायित्व)	ए एण्ड ए कन्स्ट्रक्सन प्रा.लि.	सडक निर्माण	९९७३६६.०	९९०१७३.०	लागत अनुमान स्वीकृत नभएको
			जम्मा	९२२११०१.०	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।